# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# कर्णाली प्रदेश




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# कर्णाली प्रदेश

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

*Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# कर्णाली प्रदेश



**नेपालका महालेखापरीक्षक**

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्या : २०७६।७७
च.नं.: ६६

मिति : २०७७०३।३१

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**विषय: वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश, बीरेन्द्रनगर, सुर्खेत ।

नेपालको संविधानको धारा २४१ बमोजिम कर्णाली प्रदेशको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति** | ४ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | ९ |
| | १. प्रदेश सभा सचिवालय .................................................................. | ९ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ............................................. | ११ |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय ............................................... | १४ |
| | ४. आन्तरिक मामिला तथा कानून मन्त्रालय .............................................. | २० |
| | ५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ........................................ | २२ |
| | ६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय........................................... | २६ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय ...................................................... | ३१ |
| | ८. सामाजिक विकास मन्त्रालय ............................................................. | ३६ |
| | ९. मुख्य न्यायाधिवक्ताको कार्यालय.......................................................... | ३८ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति**.................................................................. | ३९ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु**....................................................................................... | ४० |
| | **अनुसूचीहरु** ............................................................................................ | ४२ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानूनको आधारमा लेखापरीक्षण गरी त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लेखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । प्रदेश सभामा पेश भएको लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा नियमावली वमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, अन्य संघीय तथा प्रदेश कानूनहरु र महालेखा परीक्षकले जारी गरेका निर्देशनहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन(इन्टोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरु समेत अनुसरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ । यस वर्ष प्रदेश अन्तरगतका निकायबाट कानूनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोवारको स्थिति, सार्बजनिक सम्पत्ती र श्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह  जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समाबेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ मन्त्रालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १३४ निकायको रु १९ अर्ब ४९ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा रु. ५१ करोड ७० लाख बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अङ्कको २.७२ प्रतिशत हुन आउँछ ।

प्रदेश अन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मुख्य रुपमा वजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, पदाधिकारी तथा कर्मचारी सुविधा र  सहायता वितरण जस्ता अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्ने, सार्वजनिक सम्पत्तिको लगत अद्यावधिक गर्नुपर्ने, आर्थिक कारोवारको लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली समयबद्ध गर्नुपर्ने, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणाली प्रभावकारी बनाई वित्तीय जवाफदेहिता स्तरमा सुधार  गर्नुपर्ने देखिएको छ । त्यसै गरी कतिपय आवश्यक कानून निर्माण गर्न र संगठन व्यवस्था गर्न बाँकी रहेको, प्रदेशस्तरमा सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्न बाँकी रहेको, नीति, मापदण्ड एवं कार्यविधि पर्याप्तरुपमा तयार नभएको र संगठन व्यवस्था र दरवन्दी बमोजिम जनशक्ति पदपूर्ति नभएकोले प्रदेश सरकारबाट प्रवाहित सेवा प्रभावकारी बनाउन उल्लिखित विषयमा थप सुधार गर्नुपर्ने जस्ता व्यहोरा देखिएका छन् ।

त्यसैगरी विकास निर्माण तर्फ योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरी एउटै भौगोलिक स्थानका एकै प्रकृतिका कार्यक्रमहरु तीनै तहबाट सम्पादन भई दोहोरो पर्ने, खप्टिने तथा टुक्रिने कार्य नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनाको छनौट नगर्ने, बजेट र खर्च प्रकृया सुनिश्चित नगरी काम गर्नाले भुक्तानीमा समस्या आएको,उपलब्धि सुनिश्चित गरेर मात्र संस्थागत अनुदान र सहायता जस्ता कार्यक्रमहरुमा बजेट परिचालित गर्नुपर्ने, अनुदानको अनुगमन संयन्त्र बनाउने, सार्वजनिक खरिद ऐनको पूर्णपालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउने, उपभोक्ता समितिहरुबाट जटिल प्रकृतिका निर्माण कार्यहरु गर्न रोक्नुपर्ने, तोकिए बमोजिम जनसहभागिता जुटाउनु पर्ने र दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिएको छ ।

प्रदेश सरकारको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचना, आवधिक योजना र कार्यक्रमसँग तालमेल हुनेगरी कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्दछ । वितरणमुखी र अनुत्पादक खर्चमा नियन्त्रण गर्दै एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गर्नुपर्दछ । प्रभावकारी अनुगमन, सार्वजनिक खरिद ऐन लगायतका कानुनको परिपालना, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना र प्रभावकारी आन्तरिक लेखापरीक्षण मार्फत वित्तीय अनुशासनको प्रवर्द्धन गर्नुपर्दछ । प्रदेशस्तरबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामञ्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । स्वीकृत ढाँचामा प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने एवं प्रदेशले स्थानीय तहको समेत चौमासिक आयव्यय विवरण सङ्कलन गरेर एकीकृत विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था हुनुपर्ने देखिएको छ । सेवा प्रवाहको मापदण्डहरु तर्जुमा गरी नियमित अनुगमन गर्नुपर्दछ ।

संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक श्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई नमूनाको रुपमा सञ्चालन गर्ने अवसर प्राप्त भएको छ । यद्यपि वित्तीय श्रोत तथा जनशक्तिको अभावका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । प्रदेशमा समृद्धि र सुशासनको उद्देश्य हासिल गर्न उर्जा, कृषि, पर्यटन, उद्योग, वन, शिक्षा, खानेपानी र भौतिक पूर्वाधार लगायतका क्षेत्रहरुमा समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेश तहको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने छ । साथै संघीय सरकारको अनुदान प्रतिको निर्भरतालाई क्रमशः घटाउदै नेपालको संविधान बमोजिम आफ्नो कार्य क्षेत्रभित्र परेका श्रोत साधन मार्फत आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा नागरिक समाज र सञ्चारकर्मीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको वावजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७६।७७
च.नं. : ७३

मितिः२०७७।०३।३०

श्री सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर,सुर्खेत ।

**विषय : प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।**

## कैफियत सहितको राय

हामीले कर्णाली प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७५।७६ को प्राप्ति भुक्तानीको एकिकृत आर्थिक विवरण, बजेट अनुसार शीर्षकगत प्राप्ति तथा खर्च विवरण र त्यससङ्ग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु ( **अनुसूची-१५**) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को प्राप्ति भुक्तानीको एकिकृत आर्थिक विवरण, बजेट अनुसार शीर्षकगत प्राप्ति तथा खर्च विवरण र त्यससङ्ग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समाबेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधि र बित्तिय उत्तरदायित्व ऐन तथा प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारकारुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन :

१. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.५१ करोड ६९ लाख ९३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ करोड २ .लाख ४१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१६ करोड ८४ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु.७ करोड ८९ लाख ३४ हजार र पेश्की बाँकी रु.२२ करोड ९३ लाख ४३ हजार रहेको छ ।

३. प्रदेश सरकारको स्थिर सम्पत्ति मुल्यांकन गरी आर्थिक विवरणमा खुलासा गरेको छैन् ।

४. प्रदेश सरकारको लागि रु.५अर्ब ६५ करोड ४७ लाख सशर्त अनुदान, रु ९० करोड ७७ लाख बिशेष अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु.२ अर्ब ४९ करोड २० लाख बचत रहेकोमा संघीय सरकारलाई २०७६।११।१४ मा फिर्ता गरेको छ ।

५. राजस्व बाँडफाँड अन्तरगत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मुल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनको अन्तशुल्क, प्राकृतिक श्रोतको रोयल्टी बापतको रकम आर्थिक बर्षको अन्त्यसम्म रु.४२ करोड ५० लाख ७४ हजार प्राप्त भएको छैन ।

६. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको समपुरक अनुदानमध्ये आषाढ मसान्तसम्म सम्बन्धित स्थानीय तहमा खर्च नभै रु.१ करोड ९७ लाख बाँकि रहेको छ । उक्त रकम यथार्थमा खर्च नभै प्रदेश सरकारबाट स्थानान्तरण भै स्थानिय तहको खातामा मौज्दात रहेको तर प्रदेश सञ्चित कोषमा खर्च देखाएको छ ।

७. यो वर्ष प्रदेश सरकारलाई रु. ९२ करोड समपुरक अनुदान प्राप्त भएकोमा प्रदेश सञ्चित कोषले समपुरक वापत रु.४२ करोड ५३ लाख २४ हजारको खर्चको खुलासा गरेको देखिँदा निकाशामध्ये बाँकी रु.४९ करोड ४६ लाख ७६ हजार तथा खर्च रकमको ५० प्रतिशतको हिसावमा रु.२१ करोड २६ लाख ६२ हजार समेत संघीय सरकारलाई रु.७० करोड ७३ लाख ३८ हजार प्रदेश सञ्चित कोषबाट फिर्ता गर्नुपर्ने देखिन्छ ।

८. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग,बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । संञ्चित कोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु प्रदेश संञ्चित कोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(राममाया कुँवर)
उप–महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । देहायका बिषयहरु सुनिश्चित गर्नु लेखापरीक्षणका अन्य उद्देश्यहरु रहेका छन् :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश र मातहतका कार्यालय समेत १२४ र अन्य संस्था तथा समिति तर्फका १० निकायको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुसरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखा उत्तरदायी अधिकृतलाई गराईएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था बीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण स्थिति**

| लेखापरीक्षण गरिएका निकाय | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|
| १. सरकारी कार्यालय | १२४ | १७८६९७९४ |
| २. अन्य संस्था तथा समिति | १० | ११३५१५० |
| **जम्मा** | **१३४** | **१९००४९४४** |

यो वर्ष प्रदेश मन्त्रालय र मातहतका १२४ निकायको रु. १७ अर्व ८६ करोड ९७ लाख ९४ हजार, अन्य संस्था तथा समितितर्फ १० निकायको रु.१ अर्व १३ करोड ५१ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण **अनुसूची-१, १क, २ र ३** मा उल्लेख छ।

१. **सरकारी निकाय–** यो वर्ष १२४ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न | | |
|---|---|---|---|---|
| | | २०७५।७६ को रकम | बक्यौता | जम्मा |
| १. | विनियोजन | १००१६३४२ | ० | १००१६३४२ |
| २. | राजस्व | ७२३७८५४ | ० | ७२३७८५४ |
| ३. | धरौटी | ४२४०५८ | ० | ४२४०५८ |
| ४. | अन्य | १९१५४० | ० | १९१५४० |
| **जम्मा** | | **१७८६९७९४** | **०** | **१७८६९७९४** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ।

२. **अन्य संस्था तथा समिति–**यो वर्ष १० अन्य संस्था तथा समितिको रु.१ अर्व १३ करोड ५१ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण **अनुसूचि-३ र ४** मा समावेश छ। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद ३ को मन्त्रालय खण्डमा समावेश छ।

३. **लेखापरीक्षण कार्यविधि–** यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षण गर्दा जोखिम विश्लेषणसहितको विस्तृत तथा संक्षिप्त लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

४. **प्रदेश बजेट तथा खर्च–** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७५।७६ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु | **६२१६६१७** | **४६०११००** | ७४.०१ |
| पुँजीगत | **२२०६६२११** | **५४१५२४२** | २४.५४ |
| **जम्मा** | **२८२८२८२८** | **१००१६३४२** | **३५.४१** |

५. **खर्चको स्थिति–** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सोझै भुक्तानी रु.६ करोड ४६ लाख २ हजार समेत यो वर्षको कुल चालु र पुँजीगत खर्चको विवरण निम्नानुसार छ :

(रु. हजारमा)

| सि. नं. | निकाय | वजेट | | यथार्थ खर्च | |
|---|---|---|---|---|---|
| | | चालु खर्च | पूँजिगत खर्च | चालु खर्च | पूँजिगत खर्च |
| १. | प्रदेश सभा सचिवालय | ८२६९० | ६३८५० | ६७६०४ | ४५९६४ |
| २. | मुख्य न्यायाधिवक्ताको कार्यालय | ८४८४ | ८१७० | ७३२१ | ८१६७ |
| ३. | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | १५६९३९ | ८००२०० | ६७६६० | २३५३८ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९२९७५३ | ७१३९२५० | ८८७००९ | ५६९४० |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३९५८० | ५७४२०० | १८२६१४ | १८७१७७ |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ८४८१९९ | १७८२५०० | ७९७२७४ | १०४५१०२ |
| ७. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १७१२९१४ | ८४०३५० | १२१८४७५ | ७३२१६१ |
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३२२११३ | ९९०५८१३ | १८२५४४ | २५४०१८१ |
| ९. | सामाजिक विकास मन्त्रालय | १७१५९४५ | ९५१८७८ | ११९०५९९ | ७७६०१२ |
| | **जम्मा** | **६२१६६१७** | **२२०६६२११** | **४६०११००** | **५४१५२४२** |

६. **स्रोतगत अनुमान र यथार्थ खर्च–** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| स्रोत | २०७५।७६ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| **संघीय सरकार तर्फ** | **२०७६५५५०** | **६४२८९००** | **३०.९६** |
| समानीकरण अनुदान | ९१३१४०० | १४३८४३० | १५.७५ |
| सशर्त अनुदान | ६६३४१५० | ४०७०४७० | ६१.३६ |
| समपूरक अनुदान | २०००००० | ९२०००० | ४६.०० |
| विशेष अनुदान | ३०००००० | ० | ० |
| **प्रदेश सरकार तर्फः** | **७५१७२७८** | **३५८७४४२** | **४७.७२** |
| प्रदेश सरकार अनुदान | ६५१७२७८ | ३१६२११८ | ४८.५२ |
| समपूरक अनुदान | ० | ४२५३२४ | |
| आन्तरिक ऋण | १०००००० | ० | ० |
| **जम्मा** | **२८२८२८२८** | **१००१६३४२** | **३५.४१** |

आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकारको कुल खर्चको ६४.१८ प्रतिशत संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको श्रोत तर्फ ३५.८२ प्रतिशत रहेको छ।

७. **राजस्व असुली–**प्रदेश सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन रहेको छ। आर्थिक वर्ष २०७५।७६ मा प्रदेश सरकारले प्राप्त गरेको राजश्व तथा आयको विवरण निम्न अनुसार छ :

(रु. हजारमा)

| शीर्षक | राजस्व संकेत | राजश्व असुली | असुली प्रतिशत |
|---|---|---|---|
| कर राजश्व | ११००० | ७०३९९ | ०.९७ |
| अन्य राजश्व | १४००० | १०८५२३ | १.५० |
| बेरुजु | १५१०० | ७८६२०१ | १०.८६ |
| बाँडफाँड हुने राजश्व | ३३१०० | ६२७२७३१ | ८६.६७ |
| | **जम्मा** | **७२३७८५४** | **१००** |

आर्थिक बर्ष २०७५।७६ मा प्रदेश सरकारले प्राप्त गरेको रु.७ अर्ब २३ करोड ७८ लाख ५४ हजार मध्ये बाँडफाँड गर्नुपर्ने प्रकृतिको रु.६ अर्ब २७ करोड २७ लाख ३१ हजार(८६.६७ प्रतिशत) रहेको छ। प्रदेश

सरकारले उक्त बाँडफाँड राजश्व मध्ये सवारी साधन कर बापत रु.८ करोड ४० लाख २३ हजार संकलन गरेको छ ।

७.१. राजस्व व्यवस्थापन सूचना प्रणाली र बैकअनुसार कुल राजश्व रु.५अर्व ५ करोड १२ लाख ९६ हजार र सञ्चित कोषमा कुल राजश्व रु.७ अर्व २३ करोड ७८ लाख ५४ हजार रहेकोले रु.२ अर्व १८ करोड ६५ लाख ५८ हजार फरक देखिन्छ । यस सम्बन्धि विवरण **अनुसूची-८** मा उल्लेख छ ।

७.२. प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानून बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पेश भएको बजेटमा प्रदेशबाट कर तथा शुल्क वापत रु. ५० करोड प्राप्त हुने लक्ष्य लिएको छ । यस व्यवस्थाबाट रु.७ करोड ३ लाख ९९ हजार अर्थात १४.०८ प्रतिशत मात्र आन्तरिक आय असुली भएको छ ।

८. **कर तथा शुल्क** - प्रदेशले बनाएको कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्ने समेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने व्यवस्था छ । प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन कार्य सञ्चालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा आर्थिक वर्ष २०७५।७६ मा आर्थिक ऐन समेत जारी भै कार्यान्वयनमा आएको भएतापनि सबै क्षेत्रको राजस्वको प्रक्षेपण र असुली कार्य प्रभावकारी देखिएको छैन ।

९. **वित्तीय हस्तान्तरण**–आर्थिक बर्ष २०७५।७६ मा प्रदेश संचित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्न छ :

(रु. हजारमा)

| श्रोत | बजेट | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | ४००००० | ४००००० | १०० |
| समपुरक अनुदान | ० | ४२५३२४ | ० |
| **जम्मा** | **४०००००** | **८२५३२४** | |

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो बर्ष ७९ स्थानीय तहमा रु. ८२ करोड ५३ लाख २४ हजार हस्तान्तरण गरेको छ ।

१०. **संघ तथा स्थानीय तहलाई बजेट** – प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानून बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनुपर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय तथा स्थानीय सरकारका कार्यक्रम संचालन गर्न बजेट अख्तियारी दिएको र संघीय तथा स्थानीय तहका कार्यालयहरुलाई चालुतर्फ रु. १८ करोड १५ लाख ११ हजार र पुँजीगततर्फ रु.१७ करोड ३७ लाख ६७ हजार समेत रु.३५ करोड ५२ लाख ७८ हजार बजेट निकासा गरेको छ । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु, सम्बन्धित संघीय कार्यालयमा उपलब्ध गराईएको छ । यस सम्बन्धी विवरण **अनुसूचि-१४** मा समावेश छ ।

११. **लेखापरीक्षण कार्यतालिका**—महालेखापरीक्षकको २०७५।७६ को लेखापरीक्षण कार्यतालिकाअनुसार २०७६ श्रावणको चौथो हप्तावाट प्रदेश सरकार लगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो । प्रदेश भित्र २०७६ माघ दोश्रो हप्तामा संघ, प्रदेश तथा स्थानीय तहका सबै सार्वजनिक निकायको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख गरिएको छ।

# परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) मा प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ। प्रदेशको सरकारी कार्यालय, अन्य संस्था तथा समितिको उपर्युक्त परिभाषा बमोजिम फछ्र्यौट गर्नुपर्ने अद्यावधिक रकम देहाय अनुसार रु.५१ करोड ६९ लाख ९३ हजार रहेको छः

(रु. हजारमा)

| क्र.सं. | विवरण | गत वर्ष | यस वर्ष | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारी कार्यालयको बेरुजू | १७७ | ५१२०३५ | ५१२२१२ |
| २ | अन्य संस्था तथा समितिको बेरुजू | ० | ४९५८ | ४९५८ |
| | **जम्मा** | **१७७** | **५१६९९३** | **५१७१७०** |

२. **बेरुजू वर्गीकरण–** यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेश्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेश्की गरी ४ समूहमा वर्गीकरण गरेको छ। यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति र अन्य संस्था | जम्मा | कुल वेरुजूको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजू** | **५१२०३५** | **४९५८** | **५१६९९३** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **३८२८३** | **१९५८** | **४०२४१** | **७.७८** |
| **२. नियमित गर्नुपर्ने** | **२४४४०९** | **३०००** | **२४७४०९** | **४७.८५** |
| • अनियमित भएको | ७८९३४ | | ७८९३४ | १५.२७ |
| • प्रमाण कागजात पेस नभएको | १६५४७५ | ३००० | १६८४७५ | ३२.५९ |
| • जिम्मेवारी नसारेको | ० | ० | ० | ० |
| • शोधभर्ना नलिएको | ० | ० | ० | ० |
| **३. पेश्की** | **२२९३४३** | ० | **२२९३४३** | **४४.३७** |
| • कर्मचारी पेश्की | ४९६२ | ० | ४९६२ | ०.९६ |
| • मोबिलाइजेसन पेश्की | २२४३८१ | ० | २२४३८१ | ४३.४० |
| • प्रतीतपत्र पेश्की | ० | ० | ० | ० |
| • संस्थागत पेश्की | ० | ० | ० | ० |

बेरुजू वर्गीकरणको विवरण अनुसूची**–९ र १० मा उल्लेख छ।**

२.१ **अद्यावधिक बेरुजू–** प्रदेश सरकारी कार्यालय अन्य संस्था तथा समिति तर्फ गत वर्षको बाँकी रु. १ लाख ७७ हजार र यो वर्षको रु. ५१ करोड ६९ लाख ९३ हजार समेत अद्यावधिक बेरुजु रु.५१ करोड ७१ लाख ७० हजार रहेको छ। यस सम्बन्धि विवरण **अनुसूची–११ र १२** रहेको छ।

(रु. हजारमा)

| क. सं. | मन्त्रालय | गत वर्ष सम्म | यस वर्ष थप/(घट) | अद्यावधिक बेरुजू | | |
|---|---|---|---|---|---|---|
| | | | | पेश्की | अन्य | कुल बेरुजू |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५६ | २१५७६४ | १३७३४० | ७८४८० | २१५८२० |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ० | ११९९८५ | ६४७१२ | ५५२७३ | ११९९८५ |
| ३. | सामाजिक विकास मन्त्रालय | ६३ | ११४९५० | ९५७९ | १०५४३४ | ११५०१३ |
| ४. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ० | ६३९६८ | १७६८२ | ४६२८६ | ६३९६८ |
| ५. | प्रदेश सभा सचिवालय | ० | २२८६ | ० | २२८६ | २२८६ |
| ६. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ५५ | ३० | ३० | ५५ | ८५ |
| ७. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३ | १० | ० | १३ | १३ |
| | **जम्मा** | **१७७** | **५१६९९३** | **२२९३४३** | **२८७८२७** | **५१७१७०** |

२.२ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फछ्र्यौट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७५।७६ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम **अनुसूची-१३** मा समावेश गरिएको छ ।

२.३ सरकारी कार्यालय अन्य संस्था तथा समिति तर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने निकाय निम्नानुसार छन्ः

(रु. हजारमा)

| क. सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३१४७८०१ | ६६५६ | ७१७६८ | १३७३४० | २१५७६४ | ४१.७४ | ६.८५ |
| २ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १९५९३८४ | २२१० | ५३०६३ | ६४७१२ | ११९९८५ | २३.२१ | ६.१२ |
| ३ | सामाजिक विकास मन्त्रालय | ३१३०६६३ | १४९०९ | ९०४६२ | ९५७९ | ११४९५० | २२.२३ | ३.६७ |
| ४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २०४४२३७ | १४९९० | ३१२९६ | १७६८२ | ६३९६८ | १२.३७ | ३.१३ |
| ५ | प्रदेश सभा सचिवालय | ११४०२७ | १४६६ | ८२० | ० | २२८६ | ०.४४ | २.०० |
| ६ | अन्य मन्त्रालय/निकाय | ८६०८८३२ | १० | ० | ३० | ४० | ०.०१ | ०.०६ |
| | **जम्मा** | **१९००४९४४** | **४०२४१** | **२४७४०९** | **२२९३४३** | **५१६९९३** | **१००** | **२.७२** |

सरकारी कार्यालयतर्फ भौतिक पूर्वाधार विकास मन्त्रालय  बढी बेरुजू हुने मन्त्रालय तथा निकायको क्रममा प्रथम स्थानमा रहेको र आन्तरिक मामिला तथा कानुन मन्त्रालय सबैभन्दा कम बेरुजू हुने मन्त्रालयको क्रममा रहेको छ ।

यो वर्ष १२४ प्रदेश कार्यालय र १० अन्य संस्था तथा समितिको लेखापरीक्षण गरेकोमा ५६ कार्यालय (४१.७९ प्रतिशत) मा लगती बेरुजू देखिएन ।

२.४ यो वर्ष ७५ प्रदेश कार्यालय र ३ अन्य संस्था तथा समितिको १ हजार २१४ दफा बेरुजू देखिएकोमा ८४९ दफा सैद्धान्तिक र ३६५ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेश्की बाहेकको बेरुजू | पेश्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो, २०७५ | २३७८५२ | १७७ | ०.०७ | १७७ | ०.०७ |
| दोस्रो, २०७७ | १९००४९४४ | ५१६९९३ | २.७२ | २८७६५० | १.५१ |

३. प्रदेश सरकारी कार्यालय अन्य संस्था तथा समिति तर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु. ४ करोड १४ लाख २९ हजारमध्ये १५ कार्यालयले लेखापरीक्षणको क्रममा रु.९ लाख ४० हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि ७ निकायले रु.२ लाख ४८ हजारसमेत कुल रु.११ लाख ८८ हजार असुल गरेका छन । यससम्बन्धी विवरण **अनुसूची-६** मा छ ।

४. प्रदेश सरकारी कार्यालयतर्फ यो वर्षको रु.२२ करोड ९३ लाख ४३ हजार पेश्की बाँकी रहेको छ । सोमध्ये कर्मचारी ४९ लाख ६२ हजार (२.१६ प्रतिशत), मोबिलाइजेसन रु.२२ करोड ४३ लाख ८१ हजार (९७.८४ प्रतिशत) रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा छ ।

५. सरकारी कार्यालय, अन्य संस्था तथा समितितर्फ १३ निकायको रु. २८ लाख ८० हजार अग्रिम कर कट्टी नगरेको ब्यहोरा औंल्याएकोमा असुल गर्न बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

६. **कानून निर्माण-** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानून प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनु पर्दछ । आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त विवरणअनुसार २९ ऐन, १ नियमावली, ९ कार्यविधि,२ निर्देशिका र गठन आदेश तथा मार्गदर्शनहरु तयार गरेको छ । प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानून यथाशीघ्र पहिचान गरी निर्माण गर्नु पर्दछ ।

७. **संगठन र कर्मचारी व्यबस्थापन-** प्रदेश सरकारलाई कार्य सम्पादन गर्न आवश्यक संगठन र कर्मचारीको व्यवस्था हुनुपर्दछ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त जानकारीअनुसार यस प्रदेशमा लेखापरीक्षण अवधिसम्म प्रदेश सभा सचिवालय, मन्त्रालय र अन्तर्गतका १० समितिसमेत १३४ कार्यालयहरु रहेका छन् । ती निकायहरुको लागि २ हजार ५१६ दरबन्दी स्वीकृत गरिएकोमा १ हजार ४६१ (५८.०७ प्रतिशत) मात्र पदपूर्ति भएको छ । स्वीकृत दरबन्दीअनुसार पदपूर्ति नभएको कारण कार्यालयको कार्यसम्पादनमा असर पर्ने अवस्था रहेको देखिन्छ । दरबन्दीअनुसार पदपूर्ति गरी सेवाप्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

८. **कार्यालय स्थापना -** स्थानीय तहमा हस्तान्तरण भएका कृषि तथा स्वास्थ्य सेबा सम्पादनका लागि प्रदेशअन्तर्गत कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको, संघ र प्रदेश दुवैले एउटै प्रकृतिको कार्य (जस्तै सडक निर्माण तथा पूर्वाधार सम्वन्धी कार्य) गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः प्रदेश निर्देशनालयहरुको नाममा स्थापना गरेको अवस्था देखिएकोले खर्चमा मितव्ययिता हुने देखिएन । साथै सम्पादन कार्यमासमेत दोहोरोपना हुने जोखिम देखिएकाले दोहोरोपना नहुने गरी कार्यालयको स्थापना र सञ्चालन गर्नुपर्दछ ।

९. **बजेट कार्यान्वयन** - प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीतिगत व्यवस्था सहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छः

९.१ संघीय सरकारबाट प्राप्त हुने प्रक्षेपण गरेको बिशेष अनुदान रु.९० करोड ७७ लाख १९ हजार प्राप्त भएपनि खर्च नभएको र प्रदेश सरकारले प्राप्त गर्ने आन्तरिक ऋणको प्रकृया थालनी नगरेको अवस्था छ । उपलब्ध स्रोत नै परिचालन नभएको कारणले बिकास निर्माण, खर्च तथा कार्यसम्पादन प्रभावकारी देखिएन ।

९.२ संघीय सरकारबाट प्राप्त भएको सशर्त,समपुरक र विशेष अनुदान रु.७ अर्ब ४८ करोड २५ लाख मध्ये रु.४ अर्ब ९९ करोड ५ लाख खर्च भई रु.२ अर्ब ४९ करोड २० लाख बचत रहेको छ । कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको कारण बजेट खर्च भएको देखिएन ।

९.३ संघबाट प्राप्त सशर्त, समपुरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा संघीय संचित कोषमा दाखिला गर्ने व्यबस्था रहेकोमा २०७६ कार्तिक मसान्तसम्म पनि दाखिला भएको छैन । वचत रकम समयमै संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

१०. **कार्यक्रम कार्यान्वयन** - प्रदेश सरकारको २०७५।७६ को आय व्यय अनुमान (बजेट वक्तव्य) मा उल्लेख भएबमोजिम सेवाग्राही सन्तुष्टी सर्वेक्षण,आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको तर्जुमा, सुर्खेत मेडिकल कलेजको स्थापना, सुर्खेत बर्दिया सुरुङ्ग मार्ग निर्माण, कर्णाली प्रदेश आयुर्वेद विश्वविद्यालय, सिमेन्ट उद्योग र खनिज उद्योग स्थापना एवं विपद् व्यवस्थापन ऐन तर्जुमा गरी विपद् पीडित उद्धार तथा राहत कोषको स्थापना र संचालन गरेको देखिएन । बजेटको प्रभावकारिताको लागि बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

११. **राजश्व परिचालन-** प्रदेश सरकारले २०७५।७६ मा राजश्व बाँडफाँडबाट प्राप्त हुने रु.५ अर्ब ५१ करोड ६६ लाख १५ हजार समेत रु.६ अर्ब १ करोड ६६ लाख १५ हजार राजस्वको अनुमान गरेकोमा रु.७ अर्ब २३ करोड ७८ लाख ५४ हजार अर्थात १२०.३० प्रतिशत प्राप्त भएको छ ।

१२. **समपुरक अनुदान-** आर्थिक बर्ष २०७५।७६ मा ७९ स्थानीय तहमा समानीकरण अनुदान रु.४० करोड र ५९ स्थानीय तहमा समपुरक अनुदान रु.४२ करोड ५३ लाख २४ हजार चालु खर्चमा समावेश भएको छ । समपूरक अनुदान वापत संघीय सरकारबाट यो वर्ष प्रदेश सरकारलाई रु. ९२ करोड प्राप्त भएकोमा प्रदेश सरकारको यो वर्ष ५० प्रतिशत र संघीय सरकारको ५० प्रतिशत लागत सहभागितामा योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था अनुरुप सोही वरावरले हुने रकम कार्यक्रम, बजेट तथा अख्तियारीमा खुलाई रकम पठाउनुपर्ने र समपूरक तर्फ बजेट समेत छुट्याउनुपर्नेमा नेपाल सरकारको अंशमात्र रु.९२ करोड निकाशा दिएको छ । सो मध्ये प्रदेश संचित कोषले समपूरक वापत रु.४२ करोड ५३ लाख २४ हजारको खर्चको खुलासा गरेको देखिँदा निकाशा मध्ये बाँकी रु.४९ करोड ४६ लाख ७६ हजार तथा खर्च रकमको ५० प्रतिशतको हिसावमा रु.२१ करोड २६ लाख ६२ हजार समेत संघीय सरकारलाई रु.७० करोड ७३ लाख ३८ हजार प्रदेश संचित कोषबाट फिर्ता गर्नुपर्ने देखिन्छ ।

१३. **वार्षिक खरिद योजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम १ वमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लिखित कुराहरु समावेश गरी वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम ५ मा चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा वजेट प्राप्त भएपछि सो अनुरुप यस नियमावली बमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नु पर्ने व्यवस्था छ । खरिद योजना सम्बन्धमा गत आर्थिक वर्षको प्रतिवेदनमा औंल्याइएकोमा यस बर्ष पनि सुधार गरेको देखिएन ।

१४. **सोझै खरीद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले दश लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा वा बीस लाख रुपैँयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक तरिका अपनाई खरिद गर्नुपर्दछ । प्रदेश सभा सचिवालय र ७ मन्त्रालयले सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम खरिद नगरी रु.८ करोड ७० लाखको सामान सोझै खरिद गरेका छन् ।

१५. **आन्तरिक नियन्त्रण-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा आन्तरिक नियन्त्रणसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । प्रदेश सभा सचिवालय र ७ मन्त्रालय समेत अन्तर्गतका निकायले कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेका छैनन् ।

१६. **आन्तरिक लेखापरीक्षण-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकारी कार्यालयको आर्थिक कारोवारको नियमितता,मितव्ययिता,कार्यदक्षता र प्रभावकारिताको आधारमा आर्थिक बर्ष शुरु भएपछि प्रदेश लेखा नियन्त्रक कार्यालयबाट कम्तीमा प्रत्येक दुई महिनामा आन्तरिक लेखापरीक्षण गनुपर्ने र आन्तरिक लेखापरीक्षणको प्रतिवेदन १५ दिन भित्र  दिनुपर्ने व्यबस्था रहेको छ । आन्तरिक लेखापरीक्षण तोकिए बमोजिम हुन सकेको छैन ।

१७. **वित्तीय प्रतिवेदन-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४५ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयहरुले सो बमोजिम वित्तीय प्रवितेदन सार्वजनिक गरेको पाईएन । अतः कानुनको परिपालना गर्नुपर्ने देखिन्छ ।

१८ **सवारी साधन खरिद**-वजेट वक्तव्यको अनुसूची-५ (खर्च शीर्षकगत व्ययअनुमान) मा आन्तरिक नगद स्रोतबाट रु.१४ करोड ८५ लाख मूल्यका सवारी साधन खरिद गर्ने गरी व्यय अनुमान गरेको देखिन्छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त पूँजीगत खर्चको विवरण अनुसार नेपाल सरकारको स्रोतबाट रु.२२ करोड ४४ लाख ९६ हजार समेत रु.३४ करोड ५ लाख ४१ हजार मूल्यका सवारी साधन खरिद भएको देखियो । बिनियोजन नगरी रकमान्तरबाट खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१९. **कारोबारको लेखा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाव तयार गरी प्रत्येक वर्षको कार्तिक १ गते प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनुपर्नेमा मन्त्रालयहरुले एकीकृत विवरण तयार गरी पठाएका छैनन् । यस मन्त्रालयले पनि प्रदेशको एकीकृत विवरण माग गरेको छैन । सोबाट समानीकरण, शशर्त, विशेष तथा समपूरक अनुदानको यथार्थ खर्चको विश्लेषण हुन सकेन ।

२०. **सम्पत्तिको एकीकृत विवरण -** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत हस्तान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गर्ने कार्य भएको छैन । मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

# परिच्छेद-३
# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

संविधानले लिएका उद्देश्यहरु हासिल गर्नका लागि प्रदेश सभाले विधायिकी सरकार गठन तथा नियन्त्रण गर्ने प्रयोजनको लागि प्रदेश संसदको काम कारबाहीमा सहयोग गर्न २०७४।११।१६ मा प्रदेश सभा सचिवालय गठन भएको छ ।

यो वर्ष विनियोजन रु.११ करोड ३५ लाख ६८ हजार, राजस्व रु.२१ हजार, धरौटी रु.४ लाख ३८ हजार समेत रु.११ करोड ४० लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **अभिलेख व्यवस्थापन**- सचिवालयले प्रदेशसभाबाट प्राप्त निर्देशनको कार्यान्वयन गर्नुपर्दछ । यस कार्यको लागि सभामा प्रश्नोत्तर, संकल्प, ध्यानाकर्षण, शुन्य समय, विशेष समय र संसदीय समितिले कार्यस्थलको अनुगमन मार्फत ऐन कानुनको पालना, योजना कार्यान्वयन, वित्तिय अनुशासन, नागरिकले पाउने लाभ र सुविधामा समावेशिता, सरकारी सम्पतीको संरक्षण सम्बन्धमा प्रत्यक्ष निगरानी जस्ता विधी अवलम्बन गरी कार्यान्वयन गर्ने गरेकोमा सचिवालयले ति कार्यको अभिलेख व्यवस्थित गरेको पाइएन । सभा र संसदीय समितिबाट सम्पादित कार्यको अभिलेख व्यवस्थित राख्नुपर्दछ ।

२. **विधेयक** - सरकारले कुल ३७ विधेयक पेश गरेकोमा प्रदेश सभाबाट २९ विधेयक पारित भएको छ । बाँकी ८ विधेयकमध्ये २ फिर्ता गरेको, ४ समितिमा विचाराधीन र २ दर्ता भएको छ ।

३. **पारिश्रमिक कर**- आयकर ऐन, २०५८ को दफा ८७ तथा आर्थिक ऐन, २०७५ मा पारिश्रमिक भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष ३३ पदाधिकारीलाई उपलब्ध गराएको पारिश्रमिकमा ऐनमा भएको व्यवस्था वमोजिम रु.१४ लाख ६६ हजार कर कट्टी नगरेकोले असूल गरी दाखिला गर्नुपर्दछ ।

४. **बढी सुविधा–** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार प्रदेश सभाका पदाधिकारी र सदस्यहरुलाई पारिश्रमिक र सुविधा भुक्तानी गर्नु पर्दछ । कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषदको २०७५।३।१६ को निर्णयानुसार प्रदेश सभाका १ माननीय सदस्यलाई विपक्षी दलको नेता सरह रु.१६ लाख ६५ हजार पारिश्रमिक र सुविधा भुक्तानी दिएको छ । ऐनअनुसार सभाका सदस्यलाई रु.८ लाख ४५ हजार मात्र वार्षिक सेवा सुविधा दिनुपर्नेमा रु.८ लाख २० हजार बढी भुक्तानी दिएको छ । ऐनमा तोकिएको सुविधा मन्त्रिपरिषदको निर्णयद्वारा थप गर्न मिल्ने देखिएन ।

५. **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.६६ लाख २० हजारको फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिद कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

६. **दरवन्दी र पदपूर्ति -** सचिवालय अन्तर्गत ३४ दरवन्दी रहेकोमा १९ पदपूर्ति भई १५ दरबन्दी रिक्त छ। दरवन्दी वमोजिम पदपूर्ति नहुँदा दैनिक कार्यसंचालन, अनुगमन मूल्याङ्कन जस्ता कार्यमा समस्या देखिएको छ। कर्मचारी दरबन्दी बमोजिम पदपूर्ति गरी जनशक्ति व्यवस्थापन हुनुपर्दछ।

७. **पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा** –प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भएकोमा यो वर्ष सभामुख र उपसभामुखको पारिश्रमिकमा रु.१२ लाख ३६ हजार तथा प्रदेश सभा सदस्यको पारिश्रमिकमा रु.१ करोड ४९ लाख ६४ हजार तथा पदाधिकारीको इन्धनमा रु.९ लाख ५८ हजार खर्च भएको छ। पारिश्रमिक र सुविधा सम्वन्धी विस्तृत विवरण निम्नानुसार छ :

| क. सं. | सुविधाको किसिम | इकाइ दर | सभामुख | विपक्षी दलको नेता, उप–सभामुख | सत्ता पक्ष र विपक्षी दलको प्रमुख सचेतकहरु/ अध्यक्ष | दलको प्रमुख सचेतक / सत्ता पक्षको सचेतक | विपक्षी दलको सचेतक | सभासद |
|---|---|---|---|---|---|---|---|---|
| १ | मासिक पारिश्रमिक | प्रति महिना रु. | ५३००० | ५०००० | ४८००० | ४८००० | ४८००० | ४५००० |
| २ | बैठक भत्ता | प्रति दिन रु. | ७५० | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| ३ | संचार सुविधा (टेलिफोन इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | २००० | २००० | २००० | २०० | २००० | २००० |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २५०० | २५०० | २००० | २००० | २००० | २००० |
| ५ | विदेशमा दैनिक भ्रमण भत्ता(डलर) | प्रति दिन रु. | १७५ | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| ६ | आवास सुविधा | प्रति महिना रु. | आवास सुविधा | आवास सुविधा | १५००० | १५०० | १५००० | १५००० |
| ७ | फर्निचर (पाँच वर्षको अवधीमा १ पटक) | एकमुष्ठ रु. | ६०००० | ५०००० | ४०००० | ४०००० | ४०००० | ४०००० |
| ८ | सवारी इन्धन | प्रति महिना ( लि.) | २०० | १५० | १२५ | १२५ | ० | ० |
| ९ | मोविल | त्रैमासिक (लि.) | १० | ५ | ५ | ५ | ० | ० |
| १० | विजुली धारा | प्रति महिना रु. | विल अनुसार | विल अनुसार | १५०० | १५०० | १५०० | १५०० |
| ११ | निजी सचिवालय बन्दोबस्त | प्रति महिना रु. | २००० | १७५० | १५०० | १५०० | १५०० | ० |
| १२ | अतिथि सत्कार | प्रति महिना रु. | १०००० | ५००० | ० | ० | ० | ० |
| १३ | यात्रा वीमा | प्रति भ्रमण (रु. लाखमा) | १० | १० | १० | १० | १० | १० |

- **बेरुजूको स्थिति** - सचिवालयको रु.२२ लाख ८६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट फछ्र्यौट हुन नसकि सोही रकम नै बेरुजू बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो बर्ष विनियोजन रु.९ करोड ११ लाख ९८ हजार, राजश्व रु.१ लाख १८ हजार, धरौटी रु. ५ लाख ८६ हजार र अन्य कारोवार रु.५६ हजार समेत रु.९ करोड १९ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन ।

१. **नीति कार्यान्वयन-** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेश सरकारको नीति कार्यान्वयन अवस्थाको मूल्यांकन गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकेको छ । आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था मूल्यांकन गरेको छैन । नीति तथा कार्यक्रम मूल्याङ्कन हुनुपर्दछ ।

२. **विनियोजन-** यो वर्ष कार्यालयलाई कूल रु. ९५ करोड ७१ लाख ३९ हजार विनियोजन भएकोमा रु. ८६ करोड ५९ लाख ४१ हजारको बजेट कार्यान्वयनमा नआई प्रदेश संचित कोषमा फिर्ता भएको छ । पूर्ण रुपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा बित्तीय कार्य सम्पादन ९.५३ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ । कार्यक्रम कार्यान्वयन गरी दक्षता बढाउनुपर्दछ ।

३. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । राजश्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ती तथा परिचालनको यथार्थ विवरण तथा प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणको आधारमा मूल्याङ्कन गर्नुपर्नेमा गरेको देखिएन । बजेट तथा कार्यक्रमको मूल्याङ्कन गरी आगामी कार्ययोजना तयार गर्नुपर्दछ ।

४. **सोभ्कै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.५५ लाख ८२ हजारको फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोभ्कै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोभ्कै खरिद कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

५. **संगठन तथा व्यवस्थापन :** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी विभिन्न मितिमा सम्बन्धित संघीय मन्त्रालयमा पठाएकोमा स्वीकृत भएको छैन । संगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

६. **सेवा वितरणको मापदण्ड**- प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण गरी सेवाग्राही सन्तुष्टिको अनुगमन गर्नुपर्नेमा सेवा वितरण सम्बन्धी कार्यविधिको मस्यौदा समेत तयार भएको देखिएन । सेवा वितरण सम्बन्धी कार्यविधि तयार गरी सेवाग्राही सन्तुष्टिको अनुगमन गर्ने व्यवस्था गर्नुपर्दछ ।

७. **दैनिक भत्ता**- भ्रमण खर्च नियमावली, २०६४ मा द्वितीय श्रेणीको १६००।-, तृतीय श्रेणीको रु.१२००।- र चौथो श्रेणीको रु.१०००।-दैनिक भत्ता पाउने व्यवस्था छ । कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ ले दैनिक भ्रमण भत्ताको दर द्वितीय श्रेणीको १८००।-, तृतिय श्रेणीको रु.१४००।- र चौथो श्रेणीको १२००।- व्यवस्था गरेको छ । संघीय सरकारले गरेको व्यवस्थाभन्दा फरक ढंगले आर्थिक दायित्व वृद्धि हुने गरी नियमावली जारी भएकोले पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

८. **मुख्यमन्त्री तथा मन्त्रीको सुविधा**- मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक एवं सुविधा निम्नानुसार भुक्तानी गरेको छ ।

| सुविधाको किसिम | इकाई दर | मुख्य मन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक | ६०९७० | ५२००० | ४९००० | ४७००० |
| आवास सुविधा | मासिक | सरकारी आवास | २५००० | २०००० | २०००० |
| फर्निचर | एकमुष्ट | ६०००० | ५०००० | ४०००० | ४०००० |
| सवारी इन्धन | मासिक लिटर | २५० | २०० | १५० | १२५ |
| मोविल | मासिक लिटर | १० | ५ | ५ | ५ |
| संचार सुविधा | प्रतिमहिना | ७००० | ५००० | ३००० | ३००० |
| धारा बिजुली | प्रतिमहिना | ० | विल अनुसार | २००० | २००० |
| दैनिक भ्रमण भत्ता (स्वदेश) | प्रतिदिन | ३००० | २५०० | २५०० | २५०० |
| दैनिक भ्रमण भत्ता (बिदेश) | प्रतिदिन | २०० | १७५ | १७५ | १७५ |
| अतिथि सत्कार | प्रतिमहिना | १५००० | १०००० | १०००० | ८००० |

९. **प्रदेश सरकारका ऐन नियम**-कार्यालयले पेश गरेको विवरणअनुसार हालसम्म २९ ऐन, १ नियमावली ,९ कार्यबिधि, २ निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको तथा १० विधेयकको मस्यौदा तयार गर्नका लागि सैदान्तिक स्वीकृती दिएको छ ।प्रदेशको लागि आवश्यक पर्ने बाँकी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१०. **राजनीतिक सल्लाहकार/जनसम्पर्क सल्लाहकार/प्रेस सल्लाहकार**- मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ मा प्रदेश सरकारले राजनीतिक सल्लाहकार,जनसम्पर्क सल्लाहकार र प्रेस सल्लाहकार नियुक्ति गरी पारिश्रमिक भुक्तानी दिने व्यवस्था गरेको छैन । यो वर्ष राजनितिक सल्लाहकारलाई ४ महिनाको पारिश्रमिक र अन्य सुविधा रु.२ लाख ५७ हजार, जनसम्पर्क सल्लाहकारको ४ महिनाको पारिश्रमिक र अन्य सुविधा रु.२ लाख २३ हजार र प्रेस सल्लाहकारको १२ महिनाको रु.३ लाख ८६ हजार समेत रु.८ लाख ६६ हजार खर्च लेखी पारिश्रमिक भुक्तानी गरेको छ । कानुनमा सल्लाहकारको सुविधा दिने व्यवस्था नभएकोले उक्त खर्च नियमसम्मत देखिएन ।

११. **कर्णाली रोजगार कार्यक्रम**- प्रदेशको गरिबी प्रतिशत ५२ लाई ५ बर्षमा आधा घटाउने लक्ष्य लिई एक घर एक रोजगार कार्यक्रम अर्न्तगत बर्षमा कम्तिमा १०० दिन रोजगारीको ग्यारेन्टी गरिने कार्यक्रम रहेकोमा प्रत्येक घरलाई १०० दिनको एक रोजगारी दिएको अवस्था देखिएन ।

१२. **प्रदेश समन्वय परिषद** - स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता, योजना व्यबस्थापनमा रणनितिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहवीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक बर्षको कम्तिमा एक पटक वस्ने व्यबस्था छ । उक्त परिषद्को ०७५।१०।१४ र १५ गतेको प्रथम बैठकले प्रादेशिक र स्थानीय योजनाको बीचमा समवन्य, सन्तुलन र तालमेल गर्ने, दोहोरोपना हुन नदिन र योजना, बजेट र कानून निर्माणमा आवश्यक सहयोग, सहजीकरण एवं क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्न कानून निर्माण र योजना तर्जुमा समवन्य कार्यदल गठन गर्ने लगायतका ३४ प्रतिबद्धता गरेकोमा कार्यदल गठन गरेको देखिएन । प्रदेश र स्थानीय तह बीचको नीतिगत सामाञ्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार जस्ता मूलभूत विषयमा नीतिगत रुपमा समन्वय हुन नसकेको, प्राकृतिक श्रोत र साधनको उपयोग एवं बाडफाँड तथा सोको स्रोत सङ्कलनमा प्रभावकारिता नआएको जस्ता व्यहोरा स्थानीय तहमा देखिएका छन् । प्रदेश र स्थानीय तह एवं स्थानीय र स्थानीय तह बीच समन्वय गर्ने, सम्पादित कार्यहरुको अभिलेख अद्यावधिक गर्ने र भएका निर्णयको कार्यान्वयन गर्नुपर्दछ ।

१३ **प्रदेश योजना आयोग –** प्रदेशमा विकासको संभावना र असरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना तर्जुमा अनुगमन र मूल्याङ्कन, विषय क्षेत्रगत नीति तर्जुमा, स्रोत साधनको आँकलन र परिचालन, सन्तुलित विकासको रणनीति तर्जुमा, आवधिक योजना, बजेट सिमा निर्धारण र

प्रदेश प्राथमिकता आयोजनाको छनौट एवं निर्धारण गर्ने उद्देश्यले प्रदेश नीति तथा योजना आयोगको स्थापना २०७५।८।९ मा भएको हो । मुख्यमन्त्री अध्यक्ष रहेको आयोगमा प्रदेश सरकारबाट १ उपाध्यक्ष समेत ५ सदस्यको नियुक्ती गरी कार्यरत रहेको अवस्था छ । आयोगले प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र (२०७६-२०८१) तर्जुमा गरेको छ।

- **बेरुजूको स्थिति-** कार्यालयको रु.३० हजार पेश्की बेरुजू देखिएकोमा प्रतिक्रियाबाट फछ्र्यौट हुन नसकि सोही रकम नै बेरुजू बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र अन्तरगत ११ निकायको विनियोजन रु.९४ करोड ३९ लाख ४९ हजार, राजश्व रु.७ अर्व ३ करोड ५८ लाख ६९ हजार,धरौटी रु.३ लाख ५७ हजार र अन्य कारोवार रु.१४ करोड ६४ लाख ६८ हजार समेत रु.८ अर्व १२ करोड ६६ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन :

१. **वार्षिक प्रगति-**यो वर्ष मन्त्रालयले वार्षिक कार्यक्रममा तोकिएको २७ क्रियाकलापमध्ये ९ मा शतप्रतिशत, ९ मा शुन्य प्रतिशत, ४ मा १० देखि २० प्रतिशत र बाँकी ५ क्रियाकलापमा ३३ देखि ६७ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । समग्रमा मन्त्रालयको भौतिक प्रगति ५०.४१ र वित्तीय प्रगति २०.७४ प्रतिशत भएको देखिन्छ । शुन्य तथा घटी प्रगति भएको सम्बन्धमा कारण खुलाएको छैन । तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ ।

२. **नीति कार्यान्वयन-** बजेट तथा कार्यक्रममा उल्लिखित सार्वजनिक खर्चका सम्बन्धमा ऐन, कानुन, कार्यविधि र मापदण्ड तर्जुमालाई तदारुकताका साथ लगिने, वित्तीय अनुशासनको पालना, सार्वजनिक निकायबाट भएका खर्चको सार्वजनिकीकरण गर्ने, भ्रष्टाचार सम्बन्धमा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने लगायतका कार्यक्रम प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । तोकिए बमोजिमका नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुनुपर्दछ ।

३. **स्रोतको यथार्थता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशवाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । प्रदेश सरकारले आर्थिक बर्ष २०७५।७६ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु.२८ अर्ब २८ करोड २८ लाख २८ हजार विनियोजन गरेकोमा संघीय सरकारबाट अनुदान,राजश्व बाँडफाँड वापत प्राप्त हुने रकम समेत रु.२४ अर्ब १३ करोड ७२ लाख ५५ हजार (८५.३४ प्रतिशत) सञ्चित कोषमा जम्मा भएकोमा रु.१० अर्ब १ करोड ६३ लाख ४२ हजार (४१.५० प्रतिशत) खर्च गरि रु.१४ अर्ब १२ करोड ९ लाख १३ हजार मौज्दात रहेको छ । स्रोत र बजेट यथार्थमा आधारित देखिएन । यथार्थमा आधारित रहने गरी बजेट बनाउनुपर्दछ ।

४. **सञ्चित कोष दाखिला -** संघबाट प्राप्त सशर्त, समपुरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत संघीय सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था रहेकोमा मन्त्रालयले मातहत कार्यालयलाई दिएको सशर्तको बजेट खर्च भई बाँकी हिसाव संघीय सञ्चित कोषमा २०७६ कार्तिक मसान्तसम्म पनि दाखिला भएको छैन । संघीय सरकारबाट प्राप्त भएको सशर्त,समपुरक र विशेष अनुदान रु.७ अर्ब ४८ करोड २५ लाख मध्ये रु.४ अर्ब ९९ करोड ५ लाख खर्च भई रु.२ अर्ब ४९ करोड २० लाख बचत रहेको छ । सो रकम संघीय सरकारलाई २०७६।११।१४ मा फिर्ता गरेको छ । वचत रकम समयमा फिर्ता हुनुपर्दछ ।

५. **स्थानीय तहमा हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारले ७९ स्थानीय तहलाई समानीकरणमा रु.४० करोड, समपुरकमा ५९ स्थानीय तहलाई रु. ४२ करोड ५३ लाख २४ हजार उपलव्ध गराएको बिबरण प्राप्त भएको छ । समपुरक अनुदानमध्ये रु.४० करोड ५६ लाख ६५ हजार अर्थात ९५.३८ प्रतिशत खर्च भएकोले बचत रहेको रु.१ करोड ९६ लाख ५९ हजार फिर्ता प्राप्त गर्नुपर्ने देखिन्छ ।

६. **बिभाज्य कोष-** यो बर्ष प्रदेश बिभाज्य कोषबाट बन रोयल्टी रु.३ करोड ३६ लाख ९ हजार स्थानीय तहहरुलाई हस्तान्तरण गर्न बाँकी देखाएको छ । स्थानीय तहको बिभाज्य कोषबाट प्राप्त आयको लेखाङ्कन गरेको नदेखिदा सबै हिसाव तयार गरी आय लेखाङ्कन र विभाज्य कोषको रकम बाँडफाँड गर्नुपर्दछ ।

७. **आयोजना स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपर्युक्तअनुसारको प्रकृया पूरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेकोले कानूनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा संचालन गर्नुपर्दछ ।

८. **लेखाङ्कन तथा प्रतिवेदन** - कारोबारको लेखा र प्रतिबेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्बजनिक बितिय क्षेत्र प्रतिबेदन लेखामानको ढाँचा २०७५ मार्गमा स्वीकृत भइसकेको छ । प्रदेश मन्त्रालय तथा केन्द्रीय निकायहरुले स्वीकृत भए वमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

९. **प्रतिबेदन प्रणाली -** अन्तरसरकारी बित व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय तहले आफुले गरेको आय ब्ययको चौमासीक बिबरण त्यस्तो अबधि समाप्त भएको १५ दिन भित्र प्रदेशमा पेश गर्नुपर्ने र प्रदेशले स्थानीय तह समेतको आय व्ययको बिबरण चौमासिक अबधि समाप्त भएको ३० दिन भित्र नेपाल सरकार अर्थ मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो बिबरण स्थानीय तहबाट संकलन गरी अर्थ मन्त्रालयमा नपठाएकोले सरकारका तिनवटै निकायले गरेको क्षेत्रगत खर्च यकिन हुन सकेन । सरकारका तिनवटै निकायले गरेको आय र खर्चको एकिकृत अभिलेख तयार गरी प्रतिबेदन गर्नुपर्ने कानुनी व्यबस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१०. **कार्य जिम्मेवारी -** प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ मा मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा ती कार्य गर्न बाँकी देखिन्छ । कार्यान्वयनमा नआएको, प्रक्रियामा रहेको, कार्यान्वयन गर्न बाँकी रहेको आदि व्यहोरा देखिने गरी कार्य जिम्मेवारीको सूची र सोको कार्यान्वयन समय तालिका समेत तयार गरी कार्य जिम्मेवारीको कार्यान्वयनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

११. **मध्यकालीन खर्च संरचना-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ बमोजिम मध्यकालीन खर्च संरचनामा योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, सोको प्रति इकाई लागत, अनुमानित समय र सोबाट प्राप्त हुने प्रतिफल समेत खुलाई योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेमा ३ आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको संरचना तयार गरेतापनि संरचना बमोजिम लागत र समय खुलाई कार्यक्रमको प्राथमिकीकरण गरेको छैन । आवधिक योजनाको अभावमा मध्यकालीन खर्च संरचना विश्वासपूर्ण नरहने हुँदा दुवै विषयमा समन्वय समेत गर्नुपर्दछ ।

१२. **बजेट सीमा र मार्गदर्शन-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ७ बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याइँका लागि आवश्यक विवरण समेत खुल्नेगरी तयार गर्नुपर्नेमा प्रस्तावित बजेट अनुकुल हुने गरी तयार नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । मार्गदर्शन र सीमा यथार्थपरक हुनुपर्दछ । बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्यसँग समन्वय समेत गर्नुपर्दछ ।

१३. **विनियोजन दक्षता-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा बजेट प्रस्ताव गर्दा नै विनियोजन दक्षतालाई मनन गरी योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नुपर्ने उल्लेख छ। धैरै कार्यक्रम भन्दा उपलब्धी र समन्वय गर्न सकिने कार्यक्रम तथा बजेटलाई प्राथमिकतामा राखी बजेट खर्च र उपलब्धीको दक्षता बढाउनुपर्नेमा विनियोजन दक्षता आर्थिक वर्ष २०७५।०७६ मा ११.७० प्रतिशत भन्दा कम देखिएको छ । बजेट तथा कार्यक्रमको उपयोगको कार्य प्रक्रिया शुरु गर्ने तर खर्चको उपादेयता र महत्वलाई निकायहरुले स्थापित गर्न नसक्दा विनियोजन दक्षता कमजोर भएको छ ।

१४. **बजेट समर्पण-** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ अनुसार प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकम सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधि सम्म पनि सन्तोषजनक रुपमा कार्यान्वयन नभएको अवस्थामा बजेट समर्पण गर्न लगाई रकमान्तर गर्न सकिने व्यवस्था छ । सवै मन्त्रालयको लागि कार्यक्रममा विनियोजन भएको बजेट खर्च यो आर्थिक वर्षको दोस्रो चौमासिकसम्म औषत ३० प्रतिशत भन्दा कम देखिएबाट बजेट आफैमा समर्पण सरह हुन गएको छ । बजेट र कार्यक्रम सन्तोषजनकरुपमा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१५. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन-** प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना अर्थात फाल्गुण र भाद्र मसान्त भित्र राजश्व, खर्च एवम् आयोजना र कार्यक्रमको अनुमान, प्राप्ति र परिचालनको यथार्थ विवरण सार्वजनिक गर्नुपर्नेमा वित्तीय विवरण नै नवनेको अवस्थामा सार्वजनिकीकरण हुने अवस्था नै रहेन । प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको तोकिएको समय भित्र वित्तीय तथा भौतिक उपलब्धी तयार गरी मूल्याङ्कन गर्नुपर्दछ ।

१६. **सेवा प्रवाह-** संघीय शासन व्यवस्थाको प्रमुख लक्ष्य जनताले प्राप्त गर्ने सेवा प्रवाह चुस्त र भरपर्दो बनाउने हो । सो उद्देश्य पूरा गर्न आर्थिक पक्षसँग सम्बन्धित मन्त्रालयले निभाउनुपर्ने भूमिकालाई सवल तथा अनुशासित बनाउनु पर्दछ । आर्थिक कार्यविधि नियमावली नबनेको, विभिन्न कर तथा शुल्कको उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा नभएको, राजश्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा गर्न बाँकी देखिएको छ । संस्थागत, प्राविधिक र श्रोत परिचालन क्षेत्रमा दक्षता वृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन जरुरी देखिएको छ ।

१७. **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.७४ लाख ८५ हजारको फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

१८. **बजेट कार्यान्वयन-** प्रदेश सरकारले प्रदेश सभामा २०७५ आषाढ १३ मा बजेट पेश गरेको देखियो । बजेट कार्यान्वयन सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छन :

१८.१. सुर्खेत बर्दिया सुरुङ्ग मार्ग, मुसिकोट जमुनाहा नाका सडक, हुम्ला र डोल्पा जिल्ला सदरमुकाम जोड्ने रणनितिक राजमार्ग निर्माण हुन सकेको छैन । औषधि उद्योग स्थापना र संचालन, कर्णाली प्रदेश आयुर्वेद विश्वविद्यालय, सिमेन्ट उद्योग र खनिज उद्योग स्थापना हुन सकेको छैन ।

१८.२. संघीय सरकारको अधिकार क्षेत्र भित्र परेको सुर्खेत दैलेख सडक स्तरोन्नती, राप्ती लोक मार्ग स्तरोन्नती, सुर्खेत मेडिकल कलेज स्थापना, प्रादेशिक पेट्रोलियम भण्डारण केन्द्र निर्माण, दैलेखको ग्यास र पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन् लगायतका योजना तथा कार्यक्रमहरु संचालन हुन सकेका छैनन् ।

१८.३. वित्तीय सुशासन सम्बन्धी रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने, परियोजना कार्य सम्झौता दिग्दर्शन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइने कार्यक्रम बजेटमा भएकोमा कार्यान्वयनमा आएको देखिदैन । बजेटमा व्यवस्था भएका योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१९. **रकमान्तर-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५ तथा विनियोजन ऐन, २०७५ अनुसार तोकिएको कुनै एक भन्दा बढी शीर्षकमा विनियोजित रकम बचत हुने भएमा विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । कूल बजेट रु.२८ अर्व २८ करोड २८ लाख २८ हजारमध्ये आषाढ महिनामा मात्र रु.८६ करोड ११ लाख ७३ हजार विभिन्न शीर्षकमा रकमान्तर गरेको छ । रकमान्तर पश्चात पनि प्रदेश सञ्चित कोषमा रु.१४ अर्ब १२ करोड ९ लाख १३ हजार मौज्दात रहेको देखिंदा बजेट अनुमान यथार्थपरक देखिएन । वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२०. **आन्तरिक ऋण-** मन्त्रालयले यस बर्ष रु.१ अर्ब आन्तरिक ऋण लिने अनुमान गरेकोमा सो रकम प्राप्त गरी लगानी गरेको छैन ।

२१. **दीगो विकास लक्ष्य** - प्रदेशमा दीगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दीगो बिकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने, अनुगमन मूल्याङ्कन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीय तहका विकासका क्रियाकलपाहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने एवं योजना र नीति तथा कार्यक्रममा दीगो बिकासका सूचकहरुलाई समाहित गराइ सोको आधारमा संचालित आयोजना तथा

कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य शुरु भएको छैन । संघीय सरकार एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दीगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरूलाई आन्तरिकीकरण गर्नुपर्दछ ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

२२. **प्रदेश सञ्चित कोष-** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश सञ्चित कोषको एकिकृत लेखा, वित्तीय विवरण २०७६ कार्तिक मसान्त भित्र महालेखा नियन्त्रक कार्यालय तथा महालेखापरीक्षक समक्ष पेश गर्नुपर्नेमा सो अवधि भित्र पेश हुन सकेन । तोकिएको समयमा वित्तीय विवरण पेश गर्ने व्यवस्था हुनुपर्दछ । कर्णाली प्रदेशको सञ्चित कोषको हिसाब विवरण निम्नानुसार रहेको छ ।

(रु. हजारमा)

| (क) प्राप्ती | रकम |
|---|---|
| **१. गत वर्षको मौज्दात जिम्मेवारी** | २८५५१३ |
| **२. राजस्व तथा अनुदान** | |
| २.१. कर राजस्व | ६३४३१३० |
| २.२ गैर कर राजश्व | १०८५२३ |
| २.३. गत वर्षको नगद मौज्दात तथा बेरुजू | ७८६२०१ |
| २.४. समानीकरण अनुदान | ९१३१४०० |
| २.५. समपुरक अनुदान | ९२०००० |
| २.६. सशर्त अनुदान | ५६५४७६९ |
| २.७. विशेष अनुदान | ९०७७१९ |
| **३. वित्तीय व्यवस्था** | |
| ३.१. सोधभर्ना हुने गरी भएको खर्च | ० |
| ३.२. ऋण लगानी फिर्ता | ० |
| ३.३. शेयर विक्री | ० |
| ३.४. बैदेशिक ऋण प्राप्ती | ० |
| ४. अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम | (२४९२०१७) |
| ५. चालु आर्थिक वर्षको संञ्चित कोषको खुद मौज्दात | (११६२८८९६) |
| ६. विगत आर्थिक वर्षको खुद मौज्दात | ० |
| ७. बैंकबाट भुक्तानी नभएको खर्च समायोजन | ० |
| **जम्मा प्राप्ती** | **१००१६३४२** |
| **(ख) भुक्तानी** | |
| **१. चालु वर्षको भुक्तानी** | |
| १.१. सञ्चित कोष माथी व्यभार हुने रकममा खर्च | ५१०३ |
| १.२. विनियोजन ऐनद्वारा भएको खर्च (**चालु**) | ४५९५९९७ |
| १.३. विनियोजन ऐनद्वारा भएको खर्च (**पूँजिगत**) | ५४१५२४२ |
| **२. वित्तिय व्यवस्था भुक्तानी** | |
| २.१. आन्तरिक ऋणको सावा भुक्तानी | ० |
| २.२. बाह्य ऋणको साँवा भुक्तानी | ० |
| २.३. ऋण लगानी तथा शेयर लगानी | ० |
| **जम्मा भुक्तानी** | **१००१६३४२** |

२२.१. प्रदेश सरकारले आर्थिक बर्ष ०७५।७६को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु.२८ अर्ब २८ करोड २८ लाख २८ हजार विनियोजन गरेकोमा संघीय सरकारबाट अनुदान,राजश्व बाँडफाँड वापत प्राप्त हुने रकम समेत रु.२४ अर्ब १३ करोड ७२ लाख ५५ हजार (८५.३४ प्रतिशत) सञ्चित कोषमा जम्मा भएकोमा रु.१० अर्ब १ करोड ६३ लाख ४२ हजार (४१.५० प्रतिशत) खर्च गरि रु.१४ अर्ब १२ करोड ९ लाख १३ हजार मौज्दात रहेको छ ।

२२.२. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ बमोजिम प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अध्यावधिक अभिलेख राखि सञ्चितकोषको आम्दानीमा समावेश गर्नुपर्दछ ।यस वर्ष प्रदेश सरकारले बाँडफाँड गर्नुपर्ने सवारी साधन कर रु.८ करोड ४० लाख २३ हजार संकलन भएकोमा बाँडफाँड गरेको देखिएन ।

२२.३. राजस्व बाँडफाँड अन्तरगत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मुल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनको अन्तशुल्क, प्राकृतिक श्रोतको रोयल्टी बापतको रकम आर्थिक बर्षको अन्त्यसम्म रु.४२ करोड ५० लाख ७४ हजार प्राप्त भएको छैन ।

२२.४. राजस्व व्यवस्थापन सूचना प्रणाली र बैकअनुसार कुल राजश्व रु.५अर्व ५ करोड १२ लाख ९६ हजार र सञ्चित कोषमा कुल राजश्व रु.७ अर्व २३ करोड ७८ लाख ५४ हजार रहेकोले रु.२ अर्व १८ करोड ६५ लाख ५८ हजार फरक देखिन्छ । कार्यालयले यस वर्षको अन्तःशुल्क,मुल्य अभिबृद्धि कर,रोयल्टी,सवारी चालक अनुमति पत्रको इजाजत,सवारी साधनको दर्ता दस्तुर र आन्तरिक आय वापत रु.४२ करोड ५० लाख ७४ हजार आर्थिक बर्ष २०७६।७७ मा प्राप्त गरेको र अन्तःशुल्क,मुल्य अभिबृद्धि कर ड्राफटमार्फत प्राप्त भएको रु.९२ करोड २१ लाख ६२ हजार राजस्व व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि नभएको रकम यस बर्षको सञ्चित कोषको आम्दानीमा समावेश गरेको छ । फरक परेको रु.८३ करोड ९३ लाख २२ हजारको सम्बन्धमा खुलासा गरेको देखिएन ।

२३. **हिसाव मिलान -** प्रदेश लेखा नियन्त्रक कार्यालयको अभिलेख वमोजिम प्रदेश सञ्चित कोषमा बर्षान्तको मौज्दात रु.१४ अर्व १२ करोड ९ लाख १३ हजार रहेको छ । नेपाल राष्ट्र वैङ्कवाट प्राप्त वैङ्क स्टेटमेन्ट वमोजिम बर्षान्तमा रु.१४ अर्व ७१ करोड २१ लाख ९३ हजार रहेकोले रु.५९ करोड १२ लाख ८० हजार फरक रहेको छ । फरक रकम सम्वन्धमा स्रेस्ता र वैङ्क विच हिसाव मिलान गर्नुपर्दछ ।

२४. **समपूरक अनुदान-** समपूरक अनुदान वापत संघीय सरकारबाट यो वर्ष प्रदेश सरकारलाई रु. ९२ करोड प्राप्त भएकोमा प्रदेश सरकारको यो वर्ष ५० प्रतिशत र संघीय सरकारको ५० प्रतिशत लागत सहभागितामा योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था अनुरुप सोही वरावरले हुने रकम कार्यक्रम, बजेट तथा अख्तियारीमा खुलाई रकम पठाउनुपर्ने र समपूरक तर्फ बजेट समेत छुट्याउनुपर्नेमा नेपाल सरकारको अंशमात्र रु.९२ करोड निकासा दिएको छ । सो मध्ये प्रदेश संचित कोषले समपूरक वापत रु.४२ करोड ५३ लाख २४ हजार समपूरक अनुदान खर्चको खुलासा गरेको देखिँदा निकासा मध्ये बाँकी रु.४९ करोड ४६ लाख ७६ हजार तथा खर्च रकमको ५० प्रतिशतको हिसावमा रु.२१ करोड २६ लाख ६२ हजार समेत रु.७० करोड ७३ लाख ३८ हजार संघीय सरकारलाई फिर्ता गर्नुपर्ने देखिन्छ ।

२५. **प्रदेश आन्तरिक आय -** विनियोजन ऐन, २०७५ अनुसार कूल राजश्व रु. ५० करोड अनुमान गरेकोमा रु. ७ करोड ३ लाख ९८ हजार असूली भएको छ । प्राप्त राजश्व रकम अनुमानको तुलनामा १४.०८ प्रतिशत देखिएको छ । स्थानीय तहबाट अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त हुने ४० प्रतिशत रकम प्राप्त नभएको, राजश्वको पूर्वानुमान वस्तुनिष्ठ तवरले हुने नसकेको, राजश्व प्राप्तीका वैकल्पिक श्रोतहरु पहिचान गरी आय वृद्धि गर्नेतर्फ कार्य योजना नबनाएको कारण घटी राजश्व असुल भएको छ ।

२६. **प्रदेश धरौटी-** गत वर्षको जिम्मेवारी रु.३ करोड ३२ लाख ९० हजारमा यस वर्ष रु.३९ करोड ७ लाख ६८ हजार आय प्राप्त भई रु.२८ लाख १९ हजार सदरस्याहा र रु.७ करोड ४५ लाख ६२ हजार फिर्ता खर्च समायोजन गर्दा रु.३४ करोड ६६ लाख ७७ हजार बाँकी देखिन्छ । प्रदेश लेखाअनुसार धरौटी मौज्दात रु.३४ करोड ६६ लाख ३७ हजार रहेकाले रु.४० हजार फरक परेको छ । फरक हिसाब मिलान गर्नुपर्दछ ।

२७. **आन्तरिक लेखापरीक्षण-** प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको प्रत्येक चौमासिक पछिको हिसावको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुने व्यवस्था छ । आन्तरिक

लेखापरीक्षणमा सम्बन्धित निकायको उद्देश्य, गणितीय शुद्धता र कानूनको परिपालना, कार्यसम्पादनका क्रममा परिचालन भएको श्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरुको व्यवस्थापकीय अभ्यास र सञ्चालन संस्कृतिका सम्बन्धमा लेखाजोखा गरी सुझाव सहितको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ । चौमासिक अवधिमा लेखापरीक्षण व्यवस्था नअपनाएको, व्यवस्थापकीय र संस्थागत संस्कृतिलाई सुझाव सहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्त भित्र तयार गरी आर्थिक मामिला मन्त्रालयमा नपठाएको कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन ।

२८. **लेखा नीति र टिप्पणी-** प्रदेश सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको शीर्षकसमेत खुल्ने गरी वित्तीय विवरणको तयारी गर्ने व्यवस्था प्रदेश सरकारको आर्थिक कार्यविधि ऐनले गरेको छ । ऐनमा उल्लिखित प्रावधानअनुसार बजेट अनुमान, प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित लेखा टिप्पणीसमेतको विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेशको केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी पूर्ण रुपले उल्लेख गरेको देखिएन ।

- **बेरुजूको स्थिति-** यो वर्ष मन्त्रालय र मातहतका कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजू देखिएको छैन ।

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतीवेदन तथा संघसंस्थाको समन्वय र सहकार्य गर्ने मन्त्रालयको उद्देश्य रहेको छ ।

यो वर्ष विनियोजन रु.३६ करोड ९७ लाख ९१ हजार,राजश्व रु.१ लाख २९ हजार धरौटी रु.१४ लाख ७० हजार र अन्य कारोबार रु.३१ लाख ७ हजार समेत रु.३७ करोड ४४ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **विनियोजन -** यो वर्ष मन्त्रालयलाई कूल रु.१ अर्ब १ करोड ३७ लाख ८० हजार विनियोजन भएकोमा रु. ६४ करोड ३९ लाख ८९ हजारको बजेट कार्यान्वयनमा नआई प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ । पूर्ण रुपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा बित्तीय कार्य सम्पादन ३६.४८ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ । कार्यक्रम कार्यान्वयन गरी दक्षता बढाउनु पर्दछ ।

२. **बजेट कार्यान्वयन–** आर्थिक वर्ष २०७५।७६को बजेट बक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयनको स्थिति देहाय बमोजिम छ :

२.१. मन्त्रालयको कार्यक्षेत्रभित्र संघीय कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन, प्रदेशभित्रको सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिन्डिकेट तथा कार्टेलिंग नियन्त्रण, प्रहरी कार्यालयको पुंजिगत खर्चको व्यवस्थापन पर्दछ ।कानुन निर्माण गरी प्रदेश प्रहरी गठन एवं प्रदेश प्रहरी मुख्यालय लगायत आवश्यक संरचना तयार गर्ने, उच्च प्रविधियुक्त प्रादेशिक तालिम केन्द्र स्थापना गर्ने, पर्यटकीय,नगर सामुदायिक प्रहरी सेवा गठन गर्ने, पर्वतीय प्रहरी प्रशिक्षण स्थापना गर्न रु.१० करोड कार्यक्रममा बजेट व्यवस्था गरेकोमा उक्त कार्यमा प्रगति हुन सकेको देखिएन ।

२.२. विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून, नियम र मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन तथा अनुमति, इजाजत र नविकरण कार्य मन्त्रालयको रहेको छ । यस बर्ष प्रदेशस्तरीय आम सञ्चार प्रतिष्ठान स्थापना गर्ने, सुचना प्रणालीलाई व्यवस्थित गर्न सुर्खेतमा डाटा सेन्टर निर्माण गर्न रु.३ करोडको कार्यक्रम रहेकोमा कार्यान्वयन भएको छैन ।

२.३. प्रदेशस्तरमा इन्टरनेट,अनलाईन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता,अभिलेख अनुमति, नविकरण, गैरसरकारी संघ सस्थाको अभिलेख र समवन्य,संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना, विस्फोटक पद्धार्थको नियमन र अनुसन्धान खर्चको कार्यक्रममा समावेश गरी कार्य भएको पाइएन । सरकारको आधिकारिक दस्तावेज प्रकाशन गर्न प्रादेशिक मुद्रण विभाग र कानुनी अध्ययन, अनुसन्धान तथा कानुन तर्जुमा गर्न सहयोग गर्न प्रदेश कानुन आयोग गठन गर्ने कार्यक्रम रहेकोमा गठन भएको पाइएन ।

२.४. विपद जोखिम व्यवस्थापनको प्रभावकारी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न र विपद् पिडितहरुको आवश्यक उद्धार र राहतको व्यवस्था मिलाइने कार्यक्रम रहेकोमा प्रदेशको विपद् व्यवस्थापन ऐन तर्जुमा गरी विपद् पिडित उद्धार तथा राहत कोषको स्थापना र संचालन गरेको देखिएन ।

३. **अख्तियारी र कार्यक्रम–** यो वर्ष मन्त्रालयलाई प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १६ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५/०४/०३ गते रु १ अर्ब १ करोड ३७ लाख ८० हजार खर्च गर्ने अख्तियारी र मार्गदर्शन प्राप्त भएकोमा प्रदेशका संघीय प्रहरी अर्न्तगतका कार्यालयलाई रु.१६ करोड, २२ नगरपालिका र १७ गाउपालिकालाई समेत रु.३२ करोड १८ लाख ६८ हजार अख्तियारी दिएको देखियो ।

४. **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.७६ लाख ४२ हजारको कार्यालय सामान,फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

५. **सम्पत्तिको अभिलेख तथा प्रतिवेदन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ बमोजिम मन्त्रालयले आफ्नो जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लागत तथा मातहत कार्यालयबाट प्राप्त प्रतिवेदन र आफ्नो कार्यालयसमेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेमा पठाएको पाइएन ।

६. **राहत वितरण–** द्वन्दपीडित राहत तथा उपचार सम्वन्धी कार्यविधि २०७६ बमोजिम चिकित्सकको प्रेस्कृप्सन र कार्यविधिको आधारमा घाइते र अपाङगलाई (क), (ख) र (ग) वर्गमा श्रेणी विभाजन गरी क्रमश: रु. ४० हजार, २५ हजार र १५ हजारका दरले १० जिल्लाका ४५८ पिडितलाई यस वर्ष रु.१ करोड २० लाख १० हजार राहत वितरण गरेको देखियो । प्रदेश मन्त्रिपरिषद्को २०७५/११/४ को निर्णयले सामुदायिक रेडियो प्रसारक संघ नेपाललाई १४ औ साधारण सभा र राष्ट्रिय सम्मेलन गर्न रु.५ लाख सहयोग उपलब्ध गराएको छ । प्रदेश न.२ लाई कार्यक्रम खर्च शीर्षक २२५२२ बाट रु.१ करोड राहत अनुदान उपलब्ध गराएको छ । प्रादेशिक लगायत सबै तहबाट वितरण गर्ने राहत तथा उपचारको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

७. **कानून निर्माण** - प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानून प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट प्राप्त विवरणअनुसार २९ ऐन, १ नियमावली, ९ कार्यविधि,२ निर्देशिका र गठन आदेश तथा मार्गदर्शनहरु तयार गरेको छ । प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानूनहरु पहिचान गरी निर्माण गर्नु पर्दछ ।

- **बेरुजूको स्थिति -** मन्त्रालयको रु. २२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. १२ हजार फछ्र्यौट गरेकोले रु.१० हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्ने गरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ अर्व ८४ करोड २३ लाख ७६ हजार,राजश्व रु.७ करोड ६४ लाख ७७ हजार, धरौटी रु.९ करोड ५२ लाख ८१ हजार र अन्य कारोबार रु.३ करोड १ लाख ३ हजार समेत रु.२ अर्व ४ करोड ४२ लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छ :

१. **वित्तीय प्रगति-** यस वर्ष प्रदेश अन्तर्गत १० जिल्ला र मन्त्रालय समेतको २७ कार्यालयको ५८ मूल कार्यक्रममा रु.१ अर्ब ७८ करोड २५ लाखको बार्षिक विकास कार्यक्रम स्वीकृत भएको देखिन्छ । यस वाहेक पटक पटक कार्यक्रम थप र संशोधन गरेकोमा सो समेत समावेश गरी निर्धारित ढाँचामा प्रगति विवरण तयार गरेको छैन ।

२. **कार्यान्वयन-** आर्थिक वर्ष २०७५।७६ को बजेट बक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयनको स्थिति देहाय बमोजिम छन:

२.१. यस वर्ष मन्त्रालयले कर्णाली पर्यटन बोर्ड (गठन) आदेश, २०७६, ढुंङ्गागिट्टी, बालुवा उत्खनन, क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५,उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७५, होमस्टे तथा व्यवस्थापन कार्यविधि, २०७५, युवा तथा लक्षित वर्गको उद्यमशिलता विकासको लागी अनुदान कार्यविधि, २०७५, उच्च प्रविधियुक्त नर्सरी (हाईटेक नर्सरी) स्थापना र संचालन कार्यविधि, २०७५, शोधपत्र अनुसन्धान सहयोग उपलव्ध गराउने कार्यविधि, २०७५, स्वीकृत गरेको छ ।

२.२. बाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति,कानुन तथा मापदण्ड तथा योजनाको तर्जुमा,कार्यान्यिन एवं नियमन, सिन्डीकेट र कार्टेलिंग नियन्त्रण,व्यापारिक फर्मको दर्ता, नविकरण, खारेजी र नियमन, औद्योगिक व्यवसायको प्रर्वद्धन र नियमन, उपभोक्ता हक अधिकार सम्बन्धी कानुनको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रदेश मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन । यस वर्ष उद्योग, पर्यटन, वन, वातावरण नीति र रणनीति तर्जुमा गर्ने कार्यक्रम रहेकोमा तर्जुमा भएको पाइएन । यस वर्ष सुर्खेतको साटाखानीमा बिशेष आर्थिक क्षेत्र स्थापना, प्रदेश अर्न्तगतका जिल्लामा साना तथा मझौला उद्योग ग्राम स्थापना गर्न रु.२२ करोड, दलित लक्षित उद्योग विकासको लागी रु.६ करोड, जडीबूटी प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन, पुर्वाधार निर्माणमा रु.१३ करोड बजेट व्यवस्था गरेको भएतापनि उल्लेखनीय प्रगति देखिएको छैन ।

२.३. कर्णाली रारा पर्यटन वर्ष २०७५ लाई निरन्तरता दिने,कर्णाली पर्यटन सर्किटको सम्भाव्यता अध्ययन, रुकुम सल्यान जाजरकोट दैलेख कालिकोटसम्म युद्ध ट्रेल निर्माण, प्रादेशिक पर्यटन बोर्ड गठन गर्ने, प्रादेशिक संग्रहालयको निर्माण गर्ने कार्यक्रममा बजेट व्यवस्था गरेको भएपनि प्रादेशिक पर्यटन बोर्ड गठन आदेश २०७६ जारी भएको तर पर्यटन सर्किटको सम्भाव्यता अध्ययन, युद्ध ट्रेल निर्माण र संग्रहालय निर्माणको कार्य शुरु भएको छैन ।

२.४. पर्यटक पदमार्ग, जियोपार्क, ताल संरक्षण, ट्रेकिङ्ग सर्किट, पर्यटन गन्तव्यको श्रव्यदृश्य सामग्री तयार गरी प्रचारप्रसार गर्ने लगायतका कार्यकालागी रु.६० करोड बजेट व्यवस्था गरेकोमा उक्त कार्यक्रमको कार्यान्वयनबाट पर्यटक पदमार्ग, ट्रेकिङ्ग सर्किट निर्माण, ताल तलैयाको संरक्षण र पर्यटन गन्तव्यको प्रसारण अवधि लगायतको लेखाजोखा गरी एकिकृत अभिलेख राखेको छैन ।

२.५. प्रदेशभित्रका पेट्रोल पम्पको स्तरोन्नती मापदण्ड तयार गर्ने, पेट्रोलियम भण्डार केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने, ७० वर्ष पुगेका प्रदेशका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई जिल्लामा आवतजावत गर्न हवाई भाडादरमा रु.१ हजार अनुदान दिने, कर्णालीमा नियमित हवाईसेवा दिने हवाईसेवा प्रदायकलाई हवाई इन्धनमा अनुदान दिने कार्यक्रम रहेकोमा कार्य भएको छैन ।

२.६. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, वन अतिक्रमण, डढेलो नियन्त्रण तथा रोकथाम, वृक्षारोपण, वैज्ञानिक वन व्यवस्थापन, संरक्षण क्षेत्र पहिचान र

साविकमा पर्यटन कार्यालयको सम्पत्ति हस्तान्तरण यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन ।वन तथा निजी जग्गामा आयमुलक जडिबुटी वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न रु.१८ करोड, उच्च प्रविधियुक्त बहुवर्षीय वन नर्सरी स्थापना गर्न रुं.४ करोड र भुसंरक्षण तथा जलाधार, नदी नियन्त्रण र वातावरण संरक्षण कार्यक्रममा रु.२९ करोड ५० लाख बजेट व्यवस्था गरेकोमा हाइटेक नर्सरी सम्बन्धी विस्तृत परियोजना प्रस्ताव, बोटानिकल गार्डेनको सम्भाव्यता अध्ययन, जगतपुर जाजरकोटको विस्तृत परियोजना प्रस्ताव तयार भएपनि आयमुलक जडिबुटी वृक्षारोपण, नर्सरी स्थापना, नदी नियन्त्रण र संरक्षणको एकीकृत अभिलेख तयार गरेको देखिएन ।

३. **अख्तियारी र कार्यक्रम-** मन्त्रालयलाई प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १६ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५।४।३ मा रु.२ अर्ब ६३ करोड ६ लाख ९९ हजारको खर्च गर्ने अख्तियारी र मार्ग दर्शन प्राप्त भएकोमा रु.३७ करोड १ लाख ६३ हजारको थप खर्च गर्ने अख्तियारी प्राप्त भै कूल अख्तियारी रु.३ अर्ब ८ लाख ६२ हजार कायम भएको छ । उक्त अख्तियारी रकममध्ये मन्त्रालयले मातहत निकायलाई चालु तर्फ रु ९९ करोड १५ लाख ८९ हजार र पूजिगत तर्फ रु.१ अर्ब ६९ करोड २३ लाख ८८ हजार समेत रु.२ अर्ब ६८ करोड ३९ लाख ७७ हजारको खर्च गर्ने अख्तियारी दिएको देखिन्छ ।

४. **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.६३ लाख २६ हजारको कार्यालय सामान,फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

५. **सम्भाव्यता अध्ययन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैयाँभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । मन्त्रालयले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । मन्त्रालयले सडक तथा पूल निर्माणमा रु.७५ करोड ६८ हजारको अख्तियारी दिएको छ ।यस वर्ष मन्त्रालयले ७२ भन्दा बढी पर्यटन पद मार्ग तथा पूर्वाधार निर्माण गर्न सम्भाव्यता अध्ययन नगरी आयोजना स्वीकृत गरेको देखियो ।यस्ता आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत हेभी मेशिन,डोजर स्काभेटर प्रयोग गरि हुने गरेको छ । यसबाट भू:क्षय पहिरो,वन वंगल फँडानी र बन्यजन्तुलाई प्रतिकुल प्रभाव पर्ने हुँदा दीर्घकालीन योजना तयार गरी सम्भाव्यता अध्ययन पश्चात आयोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## डिभिजन वन कार्यालयहरु

६. **पार्क निर्माण -** डिभिजन वन कार्यालय, डोल्पाले प्रदेश सरकारको अनुदान रकम रु.७९ लाख ८० हजार र उपभोक्ता समितिबाट रु.१५ लाख ९६ हजार समेत रु.९५ लाख ७६ हजारको लागतमा दुनै भेरी नदी टापुमा पर्यटन पूर्वाधार विकास गर्न उपभोक्ता समितिसँग ०७५।१२।२४ मा संझौता भएको छ । संझौता अनुसार ०७६।२।३० सम्ममा कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । यस आयोजनाको ड्रइङ्, डिजाइन, डि.पि.आर.तयार भएको छैन । सो आयोजनाको स्थलगत निरीक्षण गर्दा ठूली भेरी नदिको बिचमा डुवान गर्न सक्ने जोखिमपूर्ण स्थलमा आयोजना संचालन गरेको देखिन्छ । उक्त योजनामा जिल्ला सिचांई कार्यालयबाट रु.२० लाख खर्च भएको छ । एउटै आयोजनामा दुई निकायबाट खर्च गरेको देखिदा दोहोरो हुने गरी खर्च गर्न मिल्दैन । जिल्ला वन कार्यालयबाट पानीको सतहसम्म पर्खाल लगाइएको र सोभन्दा माथि सुख्खा ग्याविन बक्स भरेर वाल लगाइएको छ । जिल्ला सिचांई कार्यालयबाट तल्लोभागमा ४२ वटा लञ्चिङ्ग राखेको छ । यस आयोजनामा थप लगानी गर्ने विषयमा सम्बन्धित निकायले पुनर्विचार गर्नु पर्दछ ।

७. **बाटो मर्मत सुधार -** डिभिजन वन कार्यालय, हुम्लाले पर्यटकीय पद मार्ग निर्माण कार्य अन्तर्गत हुम्लाको सिमकोट देखि ताक्लाकोट पर्यटकीय पदमार्ग निर्माण सुधारको लागि रु.३० लाख बजेट प्राप्त भएकोमा एक उपभोक्ता समितिसँग २०७६।३।२० सम्ममा कार्य सम्पन्न गर्नेगरी २०७६।२।२३ मा सम्झौता गरी कार्य गराएको देखिन्छ । करिब ५० कि.मी.लम्बाईको पदमार्ग निर्माण तथा सुधार गरेको आधारमा उक्त रकम खर्च गरेको छ । उक्त पदमार्गमा कुन कुन स्थानमा निर्माण तथा सुधार गर्न आवश्यक थियो भन्ने कुरा यकिन गरेको छैन । एकै उपभोक्ता समितिबाट विकट भौगोलिक क्षेत्रको निकै लामो पदमार्ग सुधार कार्य

गराएकोमा उक्त कार्य, सोको अनुगमन र प्राविधिक नापजाँच तथा मूल्यांकन लगायतका विषयमा सुनिश्चित हुने आधार भएन ।

८. **निर्माण व्यवसायीबाट कार्य-** रिगादेखि डुमाना सम्म नयाँ ट्रयाक खोल्ने कार्यका लागि कार्यालयले पदमार्ग निर्माण उपभोक्ता समितिसँग २०७६।१।२४ मा २०७६।३।१५ सम्ममा निर्माण सम्पन्न गर्ने गरी रु.८० लाख वन कार्यालयले व्यहोर्ने गरी सम्झौता भएको पाइयो । तोकिएको समयमा नै कार्यसम्पन्न भएको यस कार्यको अन्तिम विलको भुक्तानीको कागजात परीक्षण गर्दा निर्माण कार्यमा एक कन्स्ट्रक्सनको रु.७६ लाखको मूल्य अभिवृद्धि कर बीजक संलग्न गरेको देखिएकोले सम्पूर्ण कार्य उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत सम्पन्न गरेको पाइयो । जटिल प्रकृतिका कार्यहरुको विस्तृत सर्भेक्षण र डिजाइन तयार गरी उपयुक्त खरिद प्रक्रिया अवलम्वन गर्नुपर्दछ ।

९. **बढी भुक्तानी -** डिभिजन वन कार्यालय, कालिकोटले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन निर्देशिका, २०७५ अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जन सहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले चौथा देखि खार्दुलसम्म पर्यटन मार्ग निर्माण कार्यको लागत अनुमान तयार गर्दा दर विश्लेषणमा ओभरहेडको अंश राखी तयार गरेको र सोही अनुसार चौथा देखि खार्दुलसम्म पर्यटन मार्ग निर्माण उपभोक्ता समितिलाई रु.६२ लाख ९३ हजार (मूल्य अभिवृद्धि कर समेत) भुक्तानी दिँदा वढी भुक्तानी भएको ओभरहेड रु.८ लाख २१ हजार र लाफा देखि चौथासम्म सडक उपभोक्ता समितिलाई रु.६८ लाख २९ हजार (मूल्य अभिवृद्धि कर समेत) भुक्तानी दिँदा वढी भुक्तानी भएको ओभरहेड रु.८ लाख ९१ हजार भुक्तानी दिएकोले ओभरहेडको बढी रहेको अंश रु.१७ लाख १२ हजार असूल गर्नुपर्दछ ।

१०. **स्यार्पुताल संरक्षण-** डिभिजन वन कार्यालय, रुकुम पश्चिमले बाँफिकोट गाँउ कार्यपालिकाको वैठकबाट स्यार्पू ताल संरक्षणका लागि स्यार्पूताल कृषि सहकारी संस्था लिमिटेडलाई सिफारिस गर्ने २०७५।१०।२७ मा निर्णय गरी उक्त संस्थासँग समुदायले रु.१३ लाख ४१ हजार लगानी गर्ने र डिभिजन वन कार्यालयले रु.४७ लाख ५० हजार व्यहोर्ने गरी सम्झौता भएको देखियो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था अनुसार कार्य गराएको उल्लेख भएपनि नाफा मुलक संस्थाले उपभोक्ता समितिको रुपमा कार्य गर्ने प्रावधान रहेको देखिएन । नियमको परिधिभित्र रही सम्झौता गर्नुपर्ने र पारदर्शिताको प्रावधान समेत पालना गर्नुपर्दछ ।

११. **सिस्नो पाउडर उद्योग-** डिभिजन वन कार्यालय रुकुम पश्चिम र एक बहुसेवा प्रा.लि कोहलपुर बीच सिस्नो पाउडर उद्योग सञ्चालन गर्न वन कार्यालयले रु.१२ लाख २८ हजार अनुदान उपलब्ध गराउने र बहुसेवा प्रा.लि.ले रु.८ लाख २० हजार श्रमदान गर्ने गरी जम्मा रु.२० लाख ४८ हजारको सम्झौता भएको देखियो । गैर सरकारी संस्थासंग सम्झौता गरी ड्रायर, पल्भलाइजर, प्याकेजिङ्ग र मिक्स्चर मेसिन तथा वाटर डिस्पेन्सर खरिदका साथै भवन निर्माण समेतका लागि रु.११ लाख ८१ हजार भुक्तानी भएको छ । निर्धारित उद्धेश्य अनुरुप सिस्नो पाउडर उद्योग सञ्चालनमा आएको देखिने प्रमाण पेश भएको छैन । साथै उद्योगको स्वामित्व हस्तान्तरणका सम्वन्धमा स्पष्ट व्यवस्था गरेको पनि देखिएन । लक्षित प्रतिफल प्राप्त हुने गरी उद्योग सञ्चालनमा ल्याउनुपर्दछ ।

१२. **अल्लो प्रशोधन उद्योग-** डिभिजन बन कार्यालय, दैलेखले चामुण्डा विन्द्रासैनी नगरपालिकाको वडा न.१ र २ मा तामाङ्ग अल्लो प्रशोधन उद्योग स्थापना गर्न रु.५० लाख बजेट विनियोजन गरेकोमा २०७२।६।२२ मा एक वित्तिय सेवा प्रदान गर्ने कृषि तथा पशुपालन सहकारी संस्था लिमिटेडलाई रु.४६ लाख ८२ हजार भुक्तानी दिएको छ । उक्त सहकारीको स्वामित्वमा जग्गा नभएको एवं एक व्यक्तिको कित्ता नं.१२४८ को जग्गामा सहकारीको योगदान रु.९ लाख ४९ हजार रहने गरी रु.३१ लाख ५१ हजारको भवन निर्माण कार्य सम्पन्न भएको देखियो । उद्योगको लागी मेशिनरी औजार १० थान फलामे अटो हयान्डलुम, १ सेट कपडा पेल्ने मेशिन, जेकार्ड लुम १ लगायत रु.१७ लाख ८४ हजार खरिद गरेको बिल भरपाई र कार्य सम्पन्न पेश गरेको छ । कार्यालयमा दर्ता भएका मौजुदा १०६ उद्योग मध्येबाट छनौट नगरी अल्लो प्रशोधन गर्ने कार्यको अनुभव नै नभएको,सम्बन्धित नगरपालिकाको सिफारिश र स्वीकृतिबेगर संस्था छनौट गरी निजि जग्गामा भवन निर्माण र सम्पत्ति खरिद कार्य भएको देखियो । अल्लो प्रशोधनको कार्य भएको समेत देखिएन ।

१३. **आय-** डिभिजन बन कार्यालय, जाजरकोटले निर्धारित दररेटअनुसार निकासी अनुमति दिएको परिमाणको राजश्व संकलन गर्नु पर्दछ । बारेकोट गाउपालिकाले सेतक चिनी १ लाख ८५ हजार १३ के.जी.संकलन

गरेको विवरण पेश भएकोमा डिभिजन बन कार्यालय,जाजरकोटले प्रति के.जी.रु.१५ का दरले ४७ हजार ३७४ के.जी.को मात्र संकलन र अनुमति वापत रु.७ लाख १० हजार असुल गरेकोले छुट १ लाख ३७ हजार ६३९ के.जी.को रु.२० लाख ६५ हजार असुल हुनुपर्दछ ।

१४. **उच्च प्रविधियुक्त नर्सरी-** जाजरकोटले उच्च प्रविधियुक्त नर्सरी स्थापना र सञ्चालन कार्यविधि २०७५ को बुदा ३ मा यातायात पहुंच, भौगोलिक सुविधा, हावापानी, प्राविधिक पक्ष समेतलाई मध्यनजर राखी उपयुक्त स्थानमा नर्सरी स्थापना गरिने व्यवस्था छ । लागत अनुमान रु.९२ लाख ५२ हजार रहेको यस्तो नर्सरी यातायात सुविधा ,विद्युत सुविधा,प्राविधिक जनशक्ति लगायतका पुर्वाधार नभएको जुनीचादि गाउपालिका वडा न. १० मा ५७६ वर्ग मिटर स्थानमा उपभोक्ता समिति मार्फत निर्माण गर्ने सम्झौता भई यस बर्ष रु.१७ लाख ४ हजार खर्च गरेको देखियो ।नर्सरी दीगो रुपमा सञ्चालन गर्ने कार्ययोजना नबनाई सम्झौता गरेकोले अपेक्षित उपलब्धि हुने अवस्था छैन ।

## घरेलु तथा साना उद्योग विकास समिति, सुर्खेत

१५. **म्याद थप-**सार्वजनिक खरीद नियमावली,२०६४ को नियम १२१ मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा सात दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने व्यवस्था छ । कार्यालय भवन निर्माण गर्नको लागि एक जे.भी.सँग मूल्य अभिबृद्धिकर वाहेक रु.२ करोड ४३ लाख ३८ हजारमा २०७५।०३।५ सम्ममा कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा २०७६।९।१६ सम्म पनि निर्माण कार्य सम्पन्न गरेको देखिएन । निर्माण व्यवसायीले समयमा नै काम गर्न नसकेकोले प्रथम पटक २०७५।१२।२६ सम्म म्याद थप भएकोमा थपिएको म्यादमा समेत काम सम्पन्न गर्न नसकि पुनः म्याद थपको लागि निवेदन दिएकोमा कुनै कारबाहि भएको देखिएन । उक्त निर्माण कार्यको नियमानुसार म्याद थप गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

- **बेरुजूको स्थिति-** मन्त्रालय र मातहत १९ निकायमा रु.६ करोड ६० लाख ८१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२१ लाख १३ हजार फछ्र्यौट गरेकोले रु.६ करोड ३९ लाख ६८ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ७६ लाख ८२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशमा कृषि, पशु,भूमि व्यवस्थापन र सहकारी क्षेत्रसंग सम्बन्धीत ३२ कार्यको नीति, कानुन र मापदण्ड निर्माण,कार्यान्यवन र नियमन,सञ्चालन,विकास र विस्तार गर्ने मन्त्रालयको उद्देश्य रहेको छ ।

यो वर्ष विनियोजन रु.१ अर्व ९५ करोड ६ लाख ३६ हजार, राजश्व रु.७ लाख ५९ हजार, धरौटी रु.६२ लाख ९७ हजार र अन्य कारोबार रु.१६ लाख ९२ हजार समेत रु.१ अर्व ९५ करोड ९३ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय प्रगति-** प्रदेश अन्तर्गतका १० जिल्ला र मन्त्रालयसमेत २४ कार्यालयको विकास कार्यक्रमका लागि यस बर्ष रु १ अर्ब २७ करोड ६२ लाखको बार्षिक विकास कार्यक्रम स्वीकृत भएको देखिन्छ । यस वाहेक पटक पटक कार्यक्रम थप र संशोधन गरेकोमा सो समेतलाई समावेश गरी निर्धारित ढाँचामा प्रगति विवरण तयार गरेको छैन ।

२. **बजेट कार्यान्वयन-** आर्थिक वर्ष २०७५।७६ को बजेट बक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयनको स्थिति देहायबमोजिम छ :

२.१. कृषि, पशु विकास तथा खाद्य, पोषण सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड  र योजना तर्जुमा कार्यान्वयन र नियमन, कृषि मल, बीउ र विषादी आपूर्ति यस मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछ । विषादी न्युनीकरणका लागि बबई र कपुरकोटमा विषादी प्रशिक्षण केन्द्र स्थापना, द्रुत विषादी विश्लेषण प्रयोगशाला स्थापना गर्ने कार्यक्रम रहेकोमा सम्पन्न भएको पाइएन । साझेदारीमा प्रदेशस्तरमा जैविक मल, जैविक विषादी र कृषि औजार कारखाना स्थापना गर्न रु.७ करोडको बजेट व्यवस्था गरेकोमा कार्य भएको देखिएन ।

२.२. कृषि तथा पशु अनुदान वितरणको मापदण्ड तर्जुमा गर्ने, उपयोग र अनुगमनको कार्य पनि मन्त्रालयको क्षेत्र भित्र रहेको छ ।यस वर्ष कृषक समुह, सहकारी र निजी फर्म सञ्चालनलाई उत्पादन परिमाण र रोजगारी सृजनाको आधारमा मापदण्ड बनाई कृषक प्रोत्साहन कार्यक्रमको लागी रु.१० करोड, कृषि पुर्वाधार सुनिश्चित बजार कार्यक्रम(संकलन केन्द्र, हाट बजार, सोलार स्टोर, रस्टिक स्टोर)को लागी रु.२१ करोड, आर्गनीक खेतिमा बृद्धि कर्णालीमा सम्बृद्धि कार्यक्रममा रु.१२ करोड, व्यवसायिक कृषक पेन्शन कार्यक्रमका लागी रु.३ करोड, कृषक, कृषक समुह, सहकारी तथा कृषि फर्मसंग व्यवसायिक प्रस्ताव योजनाका आधारमा छनौट गरी कार्य गरिने कार्यक्रममा रु.१० करोड, उच्च मुल्य कृषि बस्तुको उत्पादन बृद्धि गर्ने कार्यक्रममा रु.१५ करोड, कर्णाली, भेरी, मध्यपहाडी, राप्ती करीडोर बिशेष कार्यक्रममा रु.४ करोड बजेट व्यवस्था गरी कार्य सञ्चालन गरेकोमा कार्यक्रमबाट कृषि उत्पादनमा बढोत्तरी, रोजगारी सृजना, खाद्य सुरक्षा, बजारीकरणमा सहजता, कृषकले उत्पादित बस्तुको उचित मुल्य लिएको सुनिश्चितता हुने गरी कार्यक्रमको प्रभावकारीता मुल्यांकन भएको छैन ।

२.३. कृषि तथा पशुपंक्षी बीमा सम्बन्धी नीति योजना, तर्जुमा र कार्यान्वयनको कार्य अर्न्तगत बीमा गर्दा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान दिने नीति रहेकोमा कार्यक्रम सञ्चालन भएको छैन ।

२.४. प्रदेशस्तरमा अर्गानीक कृषि तथा पशुपंक्षी अनुसन्धान केन्द्र स्थापना गर्न रु.२ करोड ५० लाख बजेट व्यवस्था गरेकोमा कार्य थालनी भएको छैन ।

२.५. सुरक्षित बसोबास, जग्गा एकीकरण, गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा निजी सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन मन्त्रालयको कार्यक्षेत्रमा पर्दछन ।यस्का लागि मन्त्रालयले भूउपयोग सम्बन्धी नीति बनाउने, करारखेती र सामुहिक खेतीलाई प्रोत्साहन गर्न भुमि बैंक स्थापना गरिने, एक शक्तिशाली भूमि तथा सुकुम्वासी समस्या सामाधान आयोग गठन गरि स्वामित्व र हकभोगको समस्या सामाधान गर्ने कार्यक्रम रहेकोमा प्रगति भएको छैन ।

२.६. सहकारी समस्या तथा सहकारी बैक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्यांक र अध्ययन अनुसन्धान मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन । यसका लागि मन्त्रालयले एक जिल्ला एक सहकारी नमुना गाउँ कार्यक्रम सञ्चालन गरि गाउँलाई पर्यटनहवको रुपमा विकास गर्न रु.१० करोड, १ जिल्ला १ कृषिजन्य उद्योगको लागि रु.१० करोड, सहकारी कम्पलेक्स निर्माण गर्न रु.२ करोड, शितभण्डार स्थापना गर्न रु.४ करोड, युवा कृषि आर्कषणमा रु.१ करोड, युवा

रोजगारी लक्षित कार्यक्रममा रु.३ करोडको व्यवस्था गरेकोमा निर्माणको भौतिक प्रगति र कार्यक्रमको प्रभाकारिता मुल्यांकन गरेको छैन ।

२.७. कार्यविधि निर्माण गर्दा कानूनी आधार लिनुपर्नेमा मन्त्रालयले किसान सरकार हातेमालो कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ लगायतका १६ कार्यविधि निर्माण गरी सोही बमोजिम अनुदान वितरण एवं कार्यक्रम सञ्चालनको लागि मातहत कार्यालयलाई अख्तियारी र कार्यक्रम प्रदान गरि अनुदानमा आधारित कार्यक्रम सञ्चालन गरेको देखिन्छ । कानूनी आधार बेगर निर्माण गरेको कार्यविधिको आधारमा भएको खर्चको वैधानिकता पुष्टि नहुने भएकोले यस प्रकारको कार्यविधि निर्माण गर्दा कुन कानूनको आधारमा निर्माण गरेको हो स्पष्ट गर्नुपर्दछ ।

३. **अख्तियारी तथा कार्यक्रम-** यस वर्ष मन्त्रालयलाई प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १६ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५।४।३ मा रु २ अर्ब ५५ करोड ३२ लाख ६४ हजारको खर्च गर्ने अख्तियारी र मार्गदर्शन प्राप्त भएकोमा रु.४४ करोड ५३ लाख ४४ हजार बजेट थप भै रु.२ अर्ब ९९ करोड ८६ लाख ८ हजारको अख्तियारी प्राप्त भएको देखिन्छ । उक्त रकम मध्ये मातहत निकायलाई रु २ अर्ब ५६ करोड ३८ लाख १२ हजारको अख्तियारी दिएको छ ।

४. **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.७५ लाख ८४ हजारको कार्यालय सामान,फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

५. **लागत सहभागिता-** नारी जागरण बहुउद्देश्यीय कृषि समूहलाई भेरीगंगा नगरपालिका वडा नं., ११ मा २०० मे. टन क्षमताको कोल्ड स्टोरेज निर्माण गर्न २०७५।१०।१० मा सम्झौता गरेको छ । सम्झौताको बूँदा न. ३ मा साना तथा मझौला कृषक आयस्तर बृद्धि परियोजना र नारी जागरण बहुउद्देश्यीय कृषि समूह बिच भएको पफ प्यानल र रेफ्रिजरेशन सेट जडान गर्न लाग्ने रु. १ करोड १५ लाख मध्येको रकममा सहयोग गर्न रु १५ लाख उपलब्ध गराउने उल्लेख भएकोमा अग्रिम कर बाहेक रु.१४ लाख ७७ हजार भुक्तानी गरेको छ । उक्त आयोजनाको कूल लागत रु.१ करोड ६९ लाख ५४ हजार रहेकोमा साना तथा मझौला कृषक आयस्तर बृद्धि परियोजनाले रु.५८ लाख ५० हजार अनुदान दिने र आयोजना २०७५।८।३० मा सुरु भै २०७६।१।३१ मा सम्पन्न हुने व्यहोरा २०७५।८।३ मा भएको आयोजना,समुह र नेपाल राष्ट्र बैकसंगको त्रिपक्षीय सम्झौतामा उल्लेख छ । उक्त आयोजनाको लागत सहभागिता वापत समितिले नगद रु. १ करोड ९ लाख २३ हजार र श्रमदान रु.१ लाख ८० हजार व्यहोर्ने उल्लेख भएकोमा उपभोक्ता समितिले व्यहोर्ने लागत पुर्ति गर्न मन्त्रालयबाट रु.१५ लाख,भेरीगंगा नगरपालिकाबाट रु.६५ लाख,गुर्भाकोट नगरपालिकाबाट रु.५ लाख .समेत रु.८५ लाख अनुदान उपलव्ध गराएको देखियो । यसर्थ स्पस्ट आधार बेगर उक्त समूहले व्यहोर्नु पर्ने लागत सहभागिताको पूर्तिको लागि अनुदान दिने कार्य नियमसम्मत भएन ।

६. **कृषि उपज बजारीकरण-** साझेदारीमा आधारित प्रांगारिक कृषि उपज बजारीकरण सञ्चालन कार्यविधि २०७५ अनुसार २०७५।१२।२९ मा राजधानी दैनिकमा प्रस्ताव माग गरी नारायण नगरपालिका वडा नं १० मा दर्ता भएको एक बहुउद्देश्यीय उद्यम प्रा.लि.लाई रु. ६९ लाख ५५ हजार अनुदान उपलब्ध गराउने र दोस्रो पक्षले मेशिनरी औजार प्रविधि, ढुवानी साधन, लेबलिंङ, प्याकेजिङ, ब्राण्डिङ तालिम, प्रचारप्रसार, स्थिर सम्पत्ति खरिद, जनशक्ति शीर्षकमा रु. २ करोड ५१ लाख ६७ हजार लगानी गर्ने सम्झौताको दफा ४ मा उल्लेख छ । सम्झौताको दफा ११ मा सम्झौता बमोजिमको खरिद,निर्माण,तथा मर्मत सम्भार सम्बन्धी कार्य सोही बर्ष भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । उक्त आयोजना लेखापरीक्षण अवधिभित्र पनि सम्पन्न नभएको र म्याद थप पनि भएको देखिएन । प्राङगारिक कृषि उपज बजारीकरणमा कति वर्षसम्म अनुदानग्राहीले सहयोग गर्ने हो सो व्यहोरा समेत सम्झौतामा खुल्दैन । सम्झौताको दफा ५ मा २० प्रतिशत पेश्की उपलव्ध गराउने व्यवस्था भएकोमा यस वर्ष रु.१३ लाख ९१ हजार दिएकोमा सम्झौता विपरित पुनः रु ११ लाख २५ हजार पेश्की दिई प्रथम पटकको पेश्की फछ्र्यौट गरेको छ । सम्झौता अनुसार कार्य सम्पन्न प्रतिवेदन र बिल भर्पाई पेश भएपछि बाकी रकम भुक्तानी दिनुपर्ने र प्राङगारिक कृषि उपज बजारीकरणमा अनुदानग्राहीले सहयोग गर्ने अवधि किटान गरी सम्झौता पुनरावलोकन गर्नु पर्दछ ।

७. **कृषि सडक-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैयाँभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारबेगर यस वर्ष ८९ कृषि सडक निर्माण भएको छ। यस्ता आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत हेभी मेशिन, डोजर, स्काभेटर प्रयोग गरि हुने गरेको छ। सम्भाव्यता अध्ययन पश्चात आयोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

८. **छाडा पशु नियन्त्रण-** सामुदायिक पशु नियन्त्रण गरी प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन कार्यक्रम लागत सहभागितामा सञ्चालन गर्न ३ प्रस्ताव स्वीकृत भई २०७६ असार मसान्तसम्ममा कार्यक्रम सम्पन्न गर्ने गरी रु.१ करोड १९ लाख २० हजारको सम्झौता गरेको थियो। सो समयमा कार्यसम्पन्न हुन नसकेकोले २०७६ पौष मसान्तसम्म म्याद थप गरेको छ। ४० प्रतिशत अनुदान र ६० प्रतिशत स्वलगानीमा सञ्चालन गर्नुपर्ने उक्त कार्यक्रमको संरचना निर्माण गर्नको लागि बर्षान्तमा रु.६६ लाख ७६ हजार पेश्की उपलब्ध गराएको छ। अनुदान रकम उपलब्ध गराउने सम्झौतामा पूर्वाधार कार्य सम्पन्न भए पश्चात दोस्रो पक्षले छाडा पशु पालन कार्य नगरेमा अपनाउनु पर्ने प्रक्रियाका सम्बन्धमा कुनै व्यहोरा उल्लेख नभएबाट कार्यक्रमको सफलता र अनुदान सुरक्षाको प्रत्याभुति हुन सकेको छैन। तोकिएको समयमा कार्य सम्पन्न गर्ने र कार्यक्रम सञ्चालनलाई निरन्तरता दिनको लागि आवश्यक सम्झौता गर्नुपर्दछ।

## भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्रहरु

९. **अनुदान उपयोग-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार गरी लागत अनुमान स्वीकृत गराई नियमानुसार खरिद कार्य गर्नुपर्दछ । उक्त नियमावलीमा उपभोक्ता समितिले खरिद गर्ने व्यवस्था गरेको छैन । बिज्ञ केन्द्र सुर्खेतले दैलेख जिल्लामा लागत सहभागितामा यूवा समूह मार्फत कम्तिमा सामूहिक पशुपालन व्यवसाय सञ्चालन कार्यक्रम अन्तर्गत एक भैंसी पालन समूहलाई रु.५० लाख अनुदान दिएको छ। उक्त समूहले धनगढीस्थित एक डेरी तथा गाई भैंसी पालनको ५ थान वीजकबाट ३३ गाई, १ साँढे र २६ भैंसी खरिद गरी प्रति व्यक्ति न्यूनतम १ देखि ४ वटासम्म बितरण गरेको छ। उक्त समूहमा २५ जनाको नाम उल्लेख भएको तर नागरिकताको प्रमाणपत्रको प्रतिलिपि २० जनाको मात्र संलग्न रहेको एवं उक्त समूहले २०७५।९।९ को निर्णयबाट ५० जना युवालाई गाई खरिद गरी बितरण गर्ने निर्णय गरेकोमा गाई ३३ मात्र खरिद गरेको र २६ भैंसी खरिद गरेको छ। गाई, साँढे वा भैंसी कसले के के बुझेको हो सो नखुलाएको, उक्त व्यक्तिहरु एकै परिवारका हुन् वा फरक परिवारका हुन् सो नखुलेको तथा एउटै व्यक्तिलाई ४ वटासम्म बितरण गरेकोमा सोको पुष्ट्याईं नभएको, कार्यक्रम सञ्चालन निर्देशिकाले तोके अनुसार निजहरु बेरोजगार भएको खुल्ने प्रमाण पेश नभएको अवस्था देखियो। समूहले धनगढीस्थित एक डेरी तथा गाई भैंसी पालनको २०७६।३।४ को वीजकबाट १४ भैंसी रु.१ लाख १० हजारका दरले र सोही मितिको अर्को वीजकबाट १२ भैंसी रु.१ लाख १२ हजारका दरले खरिद गरेको देखियो। भैंसीको लागत अनुमान समेत कार्यालयले तयार नगरेकाले मुल्यको यथार्थता यकिन हुन सकेन। नियमानुसार कार्य हुनु पर्दछ।

१०. **गाई भैंसी खरिद अनुदान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक खरिद योजना तयार गरी लागत अनुमान स्वीकृत गरी नियमानुसार खरिद कार्य गर्नु पर्दछ।उक्त नियमावलीमा उपभोक्ता समितिले खरिद गर्ने व्यवस्था गरेको छैन । विज्ञ केन्द्र सुर्खेतले दैलेख र सुर्खेत जिल्लाका ३ सहकारी र २ कृषक समुहसंग नियम विपरित गाई, भैंसी खरिद गरी वितरण गर्ने सम्झौता गरेको देखियो। ती सहकारी र समुहले एक डेरी तथा गाई भैंसी पालन, धनगढीबाट २६७ गाई भैंसी रु.२ करोड ७३ लाख ३० हजारमा खरिद गरी वितरण गरेको देखिन्छ । उक्त समुह र सहकारीले सम्बन्धित फर्मलाई रकम भुक्तानी गरेको बैंक स्टेटमेन्ट पेश नगरेको र लागत अनुमान समेत कार्यालयले तयार नगरेकाले मुल्यको यथार्थता यकिन हुन सकेन। खरिद नियमको पालना गर्नुपर्दछ।

११. **बधशाला निर्माण-** विज्ञ केन्द्र, डोल्पाले त्रिपूरा सुन्दरी वडा नं. १ बगरमा एक पशु बधशाला निर्माण गर्न एक कृषि तथा पशुपालन फर्मसँग २०७६।२।२२ मा रु.८४ लाखको सम्झौता गरी रु.४२ लाख अनुदान उपलब्ध गराएको छ । बधशाला निर्माणका लागि सार्वजनिक रुपमा प्रस्ताव आव्हान गरेको देखिएन ।

सम्झौता बमोजिम नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको ड्रईङ, डिजाईन अनुसार बधशाला निर्माण हुनुपर्ने, २०७६।३।३२ सम्म काम सम्पन्न गर्नुपर्ने र काम बाँकी भएमा एक महिना म्याद थप गर्न सकिने उल्लेख भएकोमा ड्रईङ, डिजाईन र कार्यसम्पन्न प्रतिवेदन तयार भएको देखिएन ।

१२. **शर्त पूरा नगरेको-** लागत सहभागितामा संचालन गरिने पशुसेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५ मा अनुदान प्राप्त गर्नको लागि अनुदानको सुचना प्रकाशन हुनुभन्दा पहिले अनुदानग्राही दर्ता भएको हुनुपर्ने, अनुदान प्राप्त गर्न चाहने समूह वा सहकारीले संस्थागत निर्णय र विनियम वा विधान पेश गर्नुपर्ने, संस्थाको गत बर्षको लेखापरीक्षण भएको प्रतिवेदन पेश गर्नुपर्ने साथै अनुदानग्राहीले व्यहोर्नुपर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धतापत्र पेश गर्नुपर्ने उल्लेख छ । बिज्ञ केन्द्र, जुम्लाले यस वर्ष सम्झौता गरी अनुदान उपलब्ध गराएका ५ पशुपालन उद्योग र १ बहुउद्देश्यीय कृषि फार्मले अनुदानको सुचना प्रकाशन भइसकेपश्चात दर्ता भएका, संस्थागत निर्णय एवं विधान, लेखापरीक्षण प्रतिवेदन तथा आफूले व्यहोर्नुपर्ने लागत अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धतासमेत पेश गरेको छैन । कार्यविधिमा व्यवस्था भएको न्यूनतम शर्तसमेत पूरा नगरी रु.५० लाख ५७ हजार अनुदान उपलब्ध गराएकाले प्रतिस्पर्धात्मकरुपमा वास्तविक क्षेत्रमै अनुदान उपयोग भएको सुनिश्चित गर्न सकिएन । कार्यविधिका शर्त पालना हुनु पर्दछ ।

## कृषि ज्ञान केन्द्रहरु

१३. **नमूना गाउँ-** नमूना गाउँ (स्थापना, संचालन र व्यवस्थापन) कार्यविधि, २०७५ को बुंदा नं.२४ मा भुक्तानी सम्बन्धी व्यवस्था अर्न्तगत स्वीकृत वार्षिक कार्यक्रमको भुक्तानी बढिमा ३ किस्तामा उपलव्ध गराउन सकिने र सम्झौता भई कार्य शुरु भएपश्चात सम्झौता रकमको २० प्रतिशत दिने व्यवस्था छ । कालीकोटले जुनीचाँदे गाउपालिकाको वडा न. ९ र १० मा नमूना गाउँ कार्यकमका लागि रु.१ करोड खर्च गर्दा कार्यविधि विपरीत शुरुमा पेश्की उपलब्ध गराई स्वीकृत लागत अनुमानअनुसार निर्धारित ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार नगरी वडा कार्यालयको कार्यसम्पन्न भएको सिफारिस र फोटो पेश गरेको देखिन्छ । निर्धारित ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको एवं कार्यविधि पालना नगरेकाले निर्धारित कार्य सम्पन्न भएको एकिन गर्न सकिएन ।

१४. **सहकारी संस्थावाट निर्माण कार्य -** सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा भएका खरिद विधि छनौट गरी निर्माण कार्य गर्नुपर्ने व्यवस्था छ । ग्रामीण कृषि सडक निर्माण तथा संभार कार्यविधि,२०७५ ले ऐनमा व्यवस्था नभएको सहकारी संस्थाहरुवाट पनि विना प्रतिस्पर्धा सडक निर्माण गराउन सकिने व्यवस्था गरेको देखियो । कृषि ज्ञान केन्द्र जाजरकोटले रु.१ करोड ६५ लाख लागत अनुमान भएका थलह,ढुङ्गेला,मछाइन,छेडागाड,जाजरकोट लगायत ५ सडक र कालिकोट कृषि ज्ञान केन्द्रले रु.२ करोड ८५ लाख ३२ हजार लागत अनुमान भएका राँचुली देखि फोइम महादेव दहचौर, बेल्केढुङगा सैन रादुनेटा खिन र सिपखाना शान्तीघाट पोदमारा मेहलमुडी हुदै कोटवाडा सडक ३ कृषि सहकारी संस्थावाट निर्माण गराएको देखिन्छ । ती सहकारीले सडकको काम आफै नगरी निर्माण व्यवसायिवाट गराएको देखिएकोले सार्वजनिक खरिद ऐन,२०६३ अनुसार खरिद कार्यमा प्रतिस्पर्धा हुन सकेको देखिएन । नियमानुसार खरिद कार्यवाही हुनुपर्दछ ।

१५. **नमूना सहकारी गाउँ स्थापना अनुदान -** सहकारी नमूना गाँउ (स्थापना, सञ्चालन र व्यबस्थापन) कार्यविधि, २०७५ को बुँदा नं.३ मा मन्त्रालयले नमुना सहकारी गाँउ घोषणा गर्न सक्ने उल्लेख छ । स्वीकृत बार्षिक कार्यक्रमअनुसार कृषि ज्ञान केन्द्र, हुम्लाले सर्केगाड गाउँपालिकामा उक्त कार्यक्रम अर्न्तगत तरकारी, पशुपालन र फलफुल खेती सञ्चालन गर्न रु.९९ लाख १० हजार बजेट विनियोजन भएकोमा उक्त गाँउलाई नमूना सहकारी गाँउको घोषणा गर्ने आधार खुलाएको पाइएन । यसैगरी कार्यविधिको बुँदा नं.१७ मा सहकारी संस्थाले सञ्चालन गरेको कार्यक्रमको प्रगति विवरण प्रत्येक चौमासिक समाप्त भएको सात दिन भित्र मन्त्रालय र कार्यालयमा पेश गर्नुपर्ने र बुँदा नं.२६ मा सहकारी संस्थाले साझेदारीमा गरेको कामको सन्दर्भमा भएको खर्चलाई आफ्नो संस्थाको आय व्ययमा समावेश गरी लेखापरीक्षण गराउनु पर्ने र लेखापरीक्षण प्रतिवेदन मन्त्रालय र कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित प्रावधानको पालना भएको नदेखिएकोले ७ सहकारी संस्थालाई प्रदान गरेको रु.९९ लाख १० हजार अनुदानबाट कार्य भएको सुनिश्चित गर्नुपर्दछ ।

१६. **बजारीकरणको योजना -** अनुदान वितरण गर्ने कार्यविधिमा स्थानीय फलफूल तथा बाली विकासको लागि अनुदान प्रदान गर्दा बजारीकरणको कार्यक्रमसमेत बनाउनु पर्ने उल्लेख छ । रैथाने बाली विकास पकेट कार्यक्रम लगायत ६ विभिन्न कार्यकमको लागि कृषि ज्ञान केन्द, हुम्लाले ११६ कृषक समुहलाई कृषि अनुदान रु.४ करोड १८ लाख वितरण गरेकोमा बजारीकरणको कार्यक्रम नबनाई अनुदान उपलब्ध गराएको देखियो । कार्यविधिले तोकेको प्रकृया पुरा नगरी अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१७. **बीउ बैक-** सामुदायिक बीउ बैंक स्थापना तथा बीउ प्रवर्द्धन कार्यक्रम संचालन गर्न हरियाली बहुउद्देश्यीय संस्थासँग २०७६।२।६ मा संभ्कौता भएको छ । संभ्कौतामा ०७६।३।१५ सम्ममा कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । सो कार्यका लागि कृषि ज्ञान केन्द्र, डोल्पाले रु.२० लाख र रु.६ लाख ४१ हजार जनसहभागिता गरी रु.२६ लाख ४१ हजारको लागत अनुमान तयार गरेको छ । कार्यालयले कन्टेन्जेन्सी वापतको ५ प्रतिशतले हुने रकम सुपरभिजन र अनुगमनका लागि कट्टा गरी बाँकी रुं.१९ लाख संस्थालाई कार्य सम्पन्न प्रतिवेदन बेगर भुक्तानी गरेको छ । कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

- **बेरुजूको स्थिति-** मन्त्रालय र मातहत तर्फ १३ निकायमा रु.१२ करोड २८ लाख ६८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२८ लाख ८३ हजार फछ्र्यौट गरेकोले रु.११ करोड ९९ लाख ८५ हजार बाँकी रहेको छ । सोमध्ये रु.६ करोड ४७ लाख १२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक, ऊर्जा विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका समेत २६ कार्यालयको विनियोजन रु.२ अर्ब ७२ करोड २७ लाख २५ हजार,राजश्व रु.१२ करोड २० लाख ५५ हजार,धरौटी रु.३० करोड ६ लाख ५१ हजार र अन्य कारोवार रु.२३ लाख ७० हजार समेत रु.३ अर्ब १४ करोड ७८ लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **विनियोजन-** यो वर्ष मन्त्रालयलाई कूल रु.१० अर्ब २२ करोड ७९ लाख २६ हजार विनियोजन भएकोमा रु.७ अर्ब ५० करोड ५२ लाखको बजेट कार्यान्वयनमा नआई प्रदेश संचित कोषमा फिर्ता भएको छ । पूर्ण रुपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा बित्तीय कार्य सम्पादन २६.६२ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ । कार्यक्रम कार्यान्वयन गरी दक्षता बढाउनुपर्दछ ।

२. **कार्य विभाजन-** कर्णाली प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयले प्रदेश स्तरको पूर्वाधार सडक, भवन, उर्जा, विद्युत, सिंचाई, खानेपानी, जलउत्पन्न प्रकोप, नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गर्नु पर्दछ । यस वर्षसम्म मन्त्रालयले भवन तर्फ जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ तयार गरी लागु गरेको पाईयो । उर्जा तर्फ ग्रामिण विद्युतिकरण कार्यान्वयन कार्यविधि , लघु तथा साना जलविद्युत अध्ययन सम्बन्धी नर्म्स, सौर्य उर्जा अनुदान कार्यविधि, सैद्धान्तिक सहमतिको लागि प्रस्ताव तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाएको छ । यस बाहेक नीति, कानून एवं मापदण्ड तयार गरेको पाइएन ।

३. **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.३ करोड १२ लाख २५ हजारको निर्माण,कार्यालय सामान,फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

४. **मूल्य अभिवृद्धि कर-** यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

४.१ मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को अनुसूची ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्बर सहित प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन, रुकुम (पश्चिम), शहरी विकास तथा भवन कार्यालय, जुम्ला र सुर्खेत, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुर्खेत र डिभिजन सडक कार्यालय, रुकुम (पश्चिम) समेत ५ कार्यालयले ७ निर्माण व्यवसायीलाई विभिन्न निर्माण कार्यको भुक्तानी गर्दा वीजक नम्बर नभएको, डबल राइटिङ गरेको, केरमेट भएको, ढाँचा फरक पारेको वीजकबाट मुल्य अभिवृद्धि कर रु.४१ लाख ७३ हजार भुक्तानी गरेकोले मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

४.२ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले महिना समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित करअधिकृतसमक्ष कर विवरण पेस गर्नुपर्ने उल्लेख छ । यो वर्ष जलश्रोत तथा सिंचाई विकास डिभिजन, जुम्ला, सल्यान, मुगु र दैलेखले विभिन्न निर्माण कार्यको लागि १६ निर्माण व्यवसायीलाई रु.१ करोड ९२ लाख १५ हजार भुक्तानी दिएकोमा उक्त रकमको कर विवरण दाखिला नगरी नन्फाइलर रहेको पाइयो । अतः सो रकम भुक्तानी गर्दा दिएको मूल्य अभिवृद्धि कर रु.२४ लाख ९९ हजारको कर समायोजन भएको प्रमाण पेस गर्नुपर्दछ ।

४.३ मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा सार्वजनिक निकायले ठेक्का,सम्झौता वा करार अन्तर्गत ठेकेदार वा आपूर्तीकर्तालाई वस्तु वा सेवा बापतको मूल्य अभिबृद्धि कर भुक्तानी गर्दा पचास प्रतिशतले हुने कर रकम कट्टा गरी सम्बन्धित फर्मको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गर्नु पर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन, सल्यान, कालिकोट, हुम्ला, मुगु र पूर्वाधार

विकास कार्यालय, हुम्ला समेत ५ कार्यालयले ८४ फर्महरुलाई ठेक्का तथा करारको माध्यमबाट निर्माण कार्य र वस्तु तथा सेवा आपूर्ति गरे बापत मूल्य अभिबृद्धि कर रु.१ करोड ५१ लाख ८० हजार भुक्तानी गरेकोमा पचास प्रतिशतले हुने रु.७५ लाख ९० हजार कट्टा गरेको नदेखिएकोले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

५. **पूर्वनिर्धारित क्षतिपूर्ती -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार सम्झौतामा भेरियसन आदेश जारी भएमा र उपयुक्त कारण भएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गर्न सकिने तर निर्माण व्यवसायीको कारणले ढिलाई भई कार्यतालिका अनुसार काम नगरेको कारण ठेक्काको काम तोकिएको अवधिभित्र सम्पन्न नभएमा प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा सम्झौता रकमको १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाई असुल गर्नुपर्ने व्यवस्था छ ।यससम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन्:

५.१ जलश्रोत तथा सिंचाई विकास डिभिजन, डोल्पा अन्तर्गत आर्थिक वर्ष २०७३।०७४ मा सम्झौता भएको २ निर्माण ठेक्कामा म्याद थप नभएको हुँदा पूर्वनिर्धारित क्षतिपूर्ती लिई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

५.२ जलश्रोत तथा सिंचाई विकास डिभिजन, सुर्खेत अन्तर्गत १९ ठेक्काको समयावधि समाप्त भएकोमा म्याद थप भएको देखिएन । म्याद थपको कारण उचित नदेखिएको अवस्थामा निर्माण व्यवसायीहरुलाई पूर्व निर्धारित क्षतिपूर्ती लिई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

५.३ डिभिजन सडक कार्यालय, रुकुम (पश्चिम) बाट सम्झौता भई कार्यान्वयनमा आएका सम्झौतामध्ये लेखापरीक्षणको क्रममा परीक्षण गरिएका २१ ठेक्का म्यादभित्र सम्पन्न नगरेको र म्याद थप पनि नभएको अवस्था छ । सम्झौता अनुसारको काम थप म्याद भित्र समेत सम्पन्न नगरेको अवस्थामा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएका उल्लिखित व्यवस्था अनुसार कार्य सम्पादन जमानत जफत लगायतका कारवाही गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

६. **विस्तृत सर्वेक्षण प्रतिवेदन-** आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम २२(१) मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा आर्थिक, प्राविधिक तथा वातावरणीय आधारमा सम्भाव्यता अध्ययन गरी बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ । विस्तृत सर्वेक्षण प्रतिवेदन तयार नहुँदै सिंचाई तथा जलश्रोत विकास डिभिजन, डोल्पा र रुकुम (पश्चिम) ले २४ सिंचाई तथा नदी नियन्त्रणको निर्माण कार्यमा बजेट व्यवस्था गरी रु.५ करोड १४ लाख ४० हजार खर्च गरेको छ । कानुनी व्यवस्था पालना नगरी निमार्ण कार्यमा खर्च गर्नु उपयुक्त देखिएन ।

७. **स्वीकृत कार्यक्रम भन्दा बढी खर्च-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) क अनुसार रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्ने व्यवस्था रहेको छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन, कालिकोट, खानेपानी तथा सरसफाई डिभिजन,रुकुम (पश्चिम) र जुम्ला समेत ३ कार्यालयले १२ योजनामा स्वीकृत बजेट रु.९५ लाख २५ हजार सम्म खर्च गर्नुपर्नेमा रु.१ करोड ३३ लाख ७ हजार खर्च गरेकोले स्वीकृत बजेट र कार्यक्रम भन्दा रु.३७ लाख ८२ हजार बढी खर्च गरेको देखियो । स्वीकृत बजेट र कार्यक्रम संशोधन नगरी बढी खर्च गर्नु उपयुक्त देखिएन ।

८. **परामर्श सेवा-** सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद- ६ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न परामर्शदाताको कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने, खुल्ला रुपमा आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नुपर्ने, संक्षिप्त सूचीमध्येबाट ३० दिनको समय दिई प्रस्ताव माग गर्नुपर्ने तथा परामर्शदाताको योग्यता र अनुभव समेतको आधारमा मूल्यांकन गरी छनौट गर्नुपर्ने उल्लेख छ । सोही नियमावलीको नियम ७०(२) मा सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी रु.१० करोड रुपैयासम्म लागत अनुमान भएको परामर्श सेवा खरिद गर्नुपरेमा राष्ट्रियस्तरको आशयपत्रदाताबीच मात्र प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्ने उल्लेख छ । परामर्श सेवा खरिद सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छ:

८.१ पूर्वाधार विकास कार्यालय, जुम्लाले यस वर्ष प्रदेश राजधानी जोड्ने सडक तथा रणनीतिक सडकहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न विभिन्न २८ परामर्शदातासंग रु. १ करोड ३८ लाख २८ हजार र पूर्वाधार विकास कार्यालय, सुर्खेतले यस वर्ष विभिन्न परामर्शदातासंग दरभाउपत्र लिई कुल रु. ५ करोड २० लाख ३६ हजारको सम्झौता गरी कार्य गरेको देखियो ।

८.२ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुर्खेतले विभिन्न खानेपानी आयोजनाको विस्तृत सर्वेक्षण प्रतिवेदन तयार गर्न विभिन्न ९ परामर्शदतासँग रु.६९ लाख ३१ हजारको सम्झौता गरी कार्य गरेको देखियो । एउटै प्रकृतिको कार्यलाई प्याकेज बनाई नियमावलीको व्यवस्था अनुरुप राष्ट्रियस्तरको आशयपत्रदाता बीच प्रतिस्पर्धा गराई प्रतिस्पर्धात्मक मूल्यमा परामर्श सेवा खरिद गर्नुपर्नेमा रु.५ लाख रुपैयाँको हाराहारीमा विभिन्न परामर्शदाताबाट टुक्रा टुक्रा पारी खरिद कार्य गरेको हुँदा मितव्ययी तरिकाले कार्य भएको सुनिश्चित हुन सकेन ।

## जलश्रोत तथा सिंचाई विकास डिभिजनहरु

९. **खर्च गर्ने अख्तियारी–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिन भित्र सम्बन्धित सचिवले विभागीय प्रमुखलाई र विभागीय प्रमुखले मातहत कार्यालय प्रमुख वा कार्यक्रम संचालन गर्ने कार्यालय प्रमुखलाई कार्यालयगत बजेट विवरण स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने श्रोत खोली बजेट खर्च गर्ने अख्तियारी पठाउनुपर्ने उल्लेख छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले जलश्रोत तथा सिंचाई विकास डिभिजन, डोल्पालाई पूँजीगत तर्फ २०७६।३।२५ मा रु.६ करोड ३७ लाख २४ हजारको अख्तियारी पठाएकोमा रु.५ करोड २३ लाख २६ हजार खर्च भएको छ । आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने अख्तियारी पठाउने कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

१०. **गुरुयोजना–** जलश्रोत तथा सिंचाई विकास डिभिजन, हुम्लाले यो बर्ष हिल्सा देखि थाइहारासम्मको कर्णाली नदी किनारा नियन्त्रण कार्यमा रु.१ करोड ३० लाख ८८ हजार खर्च गरेकोमा विभिन्न ७ उपभोक्ता समिति मार्फत रु.१ करोड ११ लाख ९४ हजार को कार्य गराएको छ ।सालवसाली रुपमा नदी नियन्त्रण सम्बन्धी कार्य हुने गरेकोमा हालसम्म भएको खर्चको कुनै अभिलेख राखेको छैन । दीर्घकालीन प्रकृतिको कार्य गराउदा गुरुयोजना तयार गरी सोही बमोजिम कार्य गराउनुपर्नेमा प्राप्त बजेटको आधारमा सालवसाली रुपमा कार्य गराएको उचित देखिएन ।

११. **पेश्की–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) र नियमावलीको नियम ११३ बमोजिम निर्माण व्यबसायीलाई मोविलाइजेशन पेश्की प्रदान गर्दा बैंक जमानत लिनुपर्ने र समयमै कार्य नगरेको अबस्थामा बैंक जमानत खिची पेश्की फछ्र्यौट गर्नुपर्ने व्यबस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन, हुम्लाले आर्माखोला र घट्टेखोला सिंचाई योजनाको निर्माण कार्यका लागि १ निर्माण व्यवसायीसँग आर्थिक वर्ष २०७३।०७४ मा रु.२ करोड ३० लाख ८७ हजारको सम्झौता गरी रु.१८ लाख मोविलाइजेशन पेश्की प्रदान गरकोमा सुरु सम्झौताको म्याद समाप्त हुँदासम्म निर्माण कार्य सुरु गरेको देखिएन । पेश्की जमानतको म्याद समेत समाप्त भएको अवस्था छ । निर्माण व्यबसायीले पेश गरेको कार्य तालिकाबमोजिम समयमै कार्य नगरेको सम्बन्धमा कुनै तरताकेता गरेको देखिदैन । पेश्की जोखिममा पार्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमावलीको नियम ११३(६) बमोजिम व्याजसमेत असुल गर्नुपर्दछ ।

१२. **अधुरो आयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता वमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता वमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी विभिन्न कारवाही गर्न सकिने र दफा ६३ मा कालो सूचीमा राख्न लेखि पठाउनु पर्ने व्यवस्था छ । जलश्रोत तथा सिंचाई विकास डिभिजन, सल्यानले शारदा सिचांई नहर निर्माण गर्न एक निर्माण व्यबसायीसँग २०७५।५।२० सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७४।२।२१ मा मूल्य अभिवृद्धि कर बाहेक रु.१ करोड १३ लाखको सम्झौता गरेकोमा कार्य सम्पन्न गर्ने अवधि पटक पटक गरी २०७६।५।१७ सम्म थप भएतापनि निर्माण व्यवसायीले यस बर्ष कार्य गरेको छैन । निर्माण व्यवसायीलाई गत बर्ष सम्म मूल्य अभिवृद्धि कर बाहेक रु ५४ लाख भुक्तानी गरेको छ । निर्माण कार्यको अन्तिम पटक म्याद थप गर्दा लागत अनुमानको ईन्टेकको निर्माणस्थल ७०० मिटर माथि सरेको, नहर बनाउने स्थान र नहरको संरचना, डिजाईन परिर्वतन भएको कारणले नहरको नयां संरचना तयार गर्दा बजार क्षेत्र पार गर्नुपर्ने, बिस्तृत सर्वेक्षण प्रतिबेदनमा कमाण्ड एरिया १०० हेक्टर उल्लेख भएकोमा फिल्डमा बास्तविक कमाण्ड एरिया २० हेक्टर मात्र भएको जस्ता कारण उल्लेख भएकाले योजनाको डिजाईनमा नै त्रुटि भएको छ । डिजाईन गर्ने परामर्शदातालाई सार्वजनिक खरिद ऐन अनुसार आवश्यक कारवाही गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन कार्यालय

१३. **बील भरपाई–** कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा १२ (घ) मा निर्माण समितिले हरेक किस्ताको कामको मूल्यांकन बील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई कार्यक्रम कार्यान्वयन इकाई मार्फत शहरी विकास तथा भवन कार्यालयमा भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ । शहरी विकास तथा भवन कार्यालय, जाजरकोटले ८ निर्माण समिति मार्फत ३२१ लाभग्राहिलाई रु.८ करोड २० लाख ११ हजार अनुदान खर्च लेखेकोमा खर्च प्रमाणित गर्ने प्राविधिक मूल्यांकन तथा बील भरपाई समितिको बैठकबाट अनुमोदन भई पेश भएको देखिएन । कार्याविधिको प्रावधान अनुसार खर्च प्रमाणित गर्ने बील भरपाई तथा प्राविधिक मूल्यांकन पेश गर्नुपर्दछ ।

१४. **लाभग्रहीको खातामा रकम नपठाएको–** कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को दफा ६ मा शहरी विकास तथा भवन कार्यालयबाट कार्यक्रम कार्यान्वयन इकाईले लाभग्राहीलाई आवास निर्माण गर्न निर्माण समिति मार्फत लाभग्राहीको खातामा रकम उपलब्ध गराउने वा समिति गठन हुन नसके लाभग्राहीको खातामा सोझै रकम उपलब्ध गराउने उल्लेख छ । शहरी विकास तथा भवन कार्यालय, जुम्लाले अन्तिम किस्ता वापत विभिन्न समितिको खातामा पठाएको रकम मध्ये कालिकोट र जुम्लाका ६ स्थानका ६६ लाभग्राहीको रु.१८ लाख ६३ हजार समितिले लाभग्राहीको खातामा रकम उपलब्ध नगराई समितिकै खातामा राखेको पाइयो । लाभग्राहीले कार्यविधि वमोजिम कार्य गरेको नदेखिए उक्त रकम फिर्ता गर्नुपर्दछ ।

## पूर्वाधार विकास निर्देशनालय

१५. **बढी भुक्तानी–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ १ (ख) मा सार्वजनिक निकायले रनिङ बिलको भुक्तानी गर्दा प्राविधिक नाप जांच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले खलंगा सिमखर्क वालुवासंग्रही सडक स्तरोन्नती कार्यको एक निर्माण व्यवसायीलाई नवौ रनिङ बिलको रकम भुक्तानी गर्दा ५ आइटममा नापी किताबमा उल्लिखित कार्य परिमाण भन्दा रु.२१ लाख ४६ हजार बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजन

१६. **प्रतिस्पर्धा–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली,२०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन बिद्युतीय माध्यमबाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोमा कार्यालयले सबै बोलपत्रहरु उक्त माध्यमको प्रयोग नगरेबाट खरिद कार्यवाहीमा प्रतिस्पर्धा हुन नसकी लागत अनुमान कै हाराहारीमा ठेक्का सम्झौता भएको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,रुकुम (पश्चिम) ले एच.डि.पि.ई.पाइप खरिद गर्न ४ ठेक्काको लागि रु.१ करोड ७४ लाख ६१ हजारको लागत अनुमान तयार गरी बोलपत्र माग गरेकोमा प्रत्येक ठेक्कामा १ बोलपत्र बिक्री र दर्ता भई १ प्रतिशत भन्दा कम रकम अर्थात रु.१ करोड ७४ लाख ४८ हजारको ठेक्का सम्झौता भई खरिद कार्य भएको छ । बिद्युतीय माध्यम मार्फत प्रतिस्पर्धात्मक खरिद कार्य गर्नुपर्दछ ।

१७. **पाइप मौज्दात–** पाइप तथा फिटिङ्गस/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने तथा नापी किताबमा जडान देखिए अनुसार जिन्सी खाताबाट मौज्दात घटाउनुपर्दछ । पाइप मौज्दात सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न छन्:

१७.१ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुकुम (पश्चिम)मा गत वर्ष खरिद भएका विभिन्न साईजको पाइप मौज्दात रहेको र यस वर्ष खरिद भएको पाईपमध्ये खर्च नभई बाँकी रहेको १३ हजार ५१८ मीटर पाइपको मुल्य रु.२० लाख १ हजार रहेको छ । उक्त पाईप सम्बन्धित आयोजनामा खर्च गरेको प्रमाण पेश हुनुपर्दछ ।

१७.२ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जुम्लाले जिल्लामा सञ्चालित खानेपानी आयोजनाहरुका लागि पाइप खरिद गर्दा पुरानो मौज्दातलाई ख्याल नगरी पुनः मौज्दातमा रहने गरी खरिद गर्ने गरेको पाइयो । कार्यालयबाट प्राप्त पाइप मौज्दात सम्बन्धी विवरण अनुसार यो वर्ष जुम्ला जिल्लातर्फ रु.५२ लाख

६० हजार र हुम्ला जिल्लातर्फ रु.१ करोड १३ लाख ६ हजार समेत रु.१ करोड ६५ लाख ६६ हजार मूल्यका ५५ हजार ६४ मिटर पाइप मौज्दात रहेको देखिन्छ ।

ठूलो परिमाणमा मौज्दात रहँदा योजना बाहिरको काममा वितरण गर्नुपर्ने अवस्था सिर्जना हुन सक्ने, भण्डारणमा जोखिम हुन सक्ने जस्ता कारणले पाइप जडान हुने अवस्थामा मात्र खरिद गर्नु उपयुक्त हुने देखिन्छ ।

१८. **उपभोक्ताको अंश–**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रुकुम (पश्चिम) का ८ खानेपानी आयोजनाका उपभोक्ता समितिहरुले सम्झौतामा उल्लेख भएअनुसार उपभोक्ता समितिको तर्फबाट रु.५१ लाख २९ हजार मूल्य बराबरको जनश्रमदान गर्नुपर्नेमा रु.३९ लाख १० हजार मात्र व्यहोरेको हुँदा नपुग रु. १२ लाख १९ हजार उपभोक्ता समूहबाट असुल गर्नुपर्दछ ।

१९. **कार्यसम्पादन जमानत–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधिभन्दा १ महिना बढी हुनुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुर्खेतले ६ खानेपानी योजनाको निर्माण कार्य गर्न ६ निर्माण व्यवसायीसँग सम्झौता गर्दा पेश गरेको रु.४६ लाख ६३ हजारको कार्यसम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अवधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधि भएको कार्यसम्पादन जमानत पेश गराउनुपर्दछ ।

२०. **योजना निर्माणमा ढिलाई–**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जुम्लाले १७ खानेपानी आयोजना निर्माण कार्यको लागि रु.४४ करोड ५९ लाख ६२ हजारको लागत अनुमान तयार गरी आर्थिक वर्ष २०६५।०६६ देखि २०६८।०६९ सम्म निर्माण कार्य सुरु गरेकोमा लेखापरीक्षण अवधिसम्म रु.१९ करोड ९७ लाख ७ हजार खर्च भई कूल वित्तीय प्रगति ४४.७८ प्रतिशत भएको छ । खानेपानी योजनाको निर्माण कार्य लामो समयसम्म पनि सम्पन्न नभै अवधि बढाउदै लगेको र भौतिक प्रगति न्यून रहेको देखिएको छ । योजना लामो अवधिसम्म अधुरो रहँदा लागतसमेत बढ्न जान्छ । तोकिएको अवधिभित्र आयोजनाहरु सम्पन्न गर्नुपर्दछ ।

## यातायात व्यवस्था कार्यालयहरु

२१. **कर र जरिवाना**– सवारी साधन कर ऐन, २०३१ को दफा ४(२) मा करदाताले आफनो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक बर्षको चैत्र मसान्तसम्म वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाई सक्नुपर्ने व्यवस्था छ । साथै दफा ७ मा सो म्याद नाघेको पहिलो तीस दिनसम्मलाई कर रकमको ५ प्रतिशत र त्यसपछिको ४५ दिनसम्मलाई कर रकमको दश प्रतिशत तथा त्यसपछि सो आर्थिक बर्षको अन्तसम्मलाई कर रकमको २० प्रतिशतका दरले जरिवाना गर्ने तथा दफा ८ मा आर्थिक वर्षको अन्तसम्म पनि कर र जरिवाना दाखिला नगरेमा कर अधिकृतले सवारी साधन रोक्का गरी उक्त सवारी साधन लिलाम बिक्री गरी असुल उपर गरिने व्यवस्था छ । यातायात व्यबस्था कार्यालय, सुर्खेत र जुम्लाले नियममा व्यवस्था भए बमोजिम उठ्न बांकि कर र जरिवाना रकमको अभिलेख राखेको छैन । अभिलेख अद्यावधिक गरी आवश्यक कारवाही गर्नुपर्दछ ।

- **बेरुजूको स्थिति-** मन्त्रालय र मातहत तर्फ २३ निकायमा रु.२१ करोड ७५ लाख ९३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१८ लाख २९ हजार फछ्र्यौट गरेकोले रु.२१ करोड ५७ लाख ६४ हजार बाँकी रहेको छ । सोमध्ये रु.१३ करोड ७३ लाख ४० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशमा मन्त्रालयको ७ कार्यक्षेत्र शिक्षा,स्वास्थ्य तथा जनसंख्या,सरसफाई,महिला,बालबालिका,ज्येष्ठ नागरिक तथा सामाजिक सुरक्षा,युवा तथा खेलकुद,भाषा,धर्म संस्कृति र श्रमरोजगार र ५८ कार्य जिम्मेवारीहरु रहेको छ ।

यो वर्ष विनियोजन रु १ अर्व ९६.करोड ६६ लाख ११ हजार, राजश्व रु.२४ लाख २६ हजार, धरौटी रु.१ करोड ८७ लाख ३२ हजार र अन्य कारोबार रु.७७ लाख ४४ हजार समेत रु.१ अर्व ९९ करोड ५५ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका अन्य संस्था तथा समिति १० को रु.१ अर्ब १३ करोड ५१ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्

१. **विनियोजन-** यो वर्ष मन्त्रालयलाई कूल रु.२ अर्ब ६६ करोड ७८ लाख २३ हजार विनियोजन भएकोमा रु. ७० करोड १२ लाख १२ हजारको बजेट कार्यान्वयनमा नआई प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ। पूर्ण रुपले वार्षिक कार्यक्रम संचालन हुन नसक्दा बित्तीय कार्य सम्पादन ७३.७१ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ। कार्यक्रम कार्यान्वयन गरी दक्षता बढाउनुपर्दछ।

२. **बजेट कार्यान्वयन-** आर्थिक वर्ष २०७५।७६ को बजेट बक्तव्यमा समावेश भएका कार्यक्रमको कार्यान्वयनको स्थिति देहाय बमोजिम छन :

२.१. प्रदेशस्तरको स्वास्थ्य सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमन मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन । यस बर्ष शिक्षा, स्वास्थ्य, महिला, बालबालिका सामाजिक सुरक्षा लगायतको सामाजिक विकास गुरुयोजना बनाउने कार्यक्रम रहेकामा तयार गरेको देखिएन । प्रदेशस्तरमा गरिबीको रेखामुनि रहेका नागरिकका लागी आवश्यक पर्ने प्रिमियम रकम अनुदान दिने स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने कार्यक्रम कार्यान्वयन भएन।

२.२. सुर्खेत स्थित क्षेत्रीय अस्पताललाई प्रादेशिक मेडिकल कलेजको रुपमा विकास गर्न रु.१० करोड विनियोजन गरेकोमा रकमान्तर गरी अन्य शिर्षकमा खर्च गरेको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रादेशिक कर्णाली प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रुपान्तरण गर्ने, बालरोग, क्यान्सर अस्पतालको स्थापना प्रक्रिया अगाडि बढाउने, आकस्मीक स्वास्थ्य कोष रु.१ करोडको स्थापना गर्ने, टेलिमेडिसिनबाट स्वास्थ्य सेवा उपलब्ध गराउने, औषधि उद्योगमा निजी सामुदायिक साझेदारीलाई प्रोत्साहित गर्ने, स्वास्थ्य प्रहरी कार्यक्रममा रु.२ करोड २५ लाख बजेट व्यवस्था भएकोमा प्रगति भएन।

२.३. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रबृत्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, माध्यमिक तहको परीक्षा व्यवस्थापन यस मन्त्रालयको कार्य क्षेत्रभित्र पर्दछन । प्रादेशिक शिक्षा नीति तर्जुमा गरेको छैन । कर्णाली प्रादेशिक विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद गठनको लागि कानुन निर्माण, जुम्लास्थित कर्णाली प्राविधिक शिक्षालयको स्तरोन्नति गरी स्नातक तहको कार्यक्रम सञ्चालन गर्ने, भाषा, कला साहित्य तथा संस्कृति प्रतिष्ठान स्थापना गर्ने, हिमाली क्षेत्रमा घुम्ती विद्यालय स्थापना र ३ वटा आवासीय विद्यालय स्थापना गर्न रु.९ करोड बजेट व्यवस्था गरेकोमा प्रगति भएको छैन।

२.४. कर्णाली खेलकुद परिषद गठन गर्ने, सुर्खेतमा प्रादेशिक रंगशाला, उच्च हिमालि क्षेत्रमा बहुउद्देशीय रंगशाला निर्माणका लागी रु.१५ करोडको व्यवस्था गरेकोमा कार्य भएको छैन।

२.५. प्रदेश युवा परिषद गठन गर्ने, युवा स्वयमसेवक सञ्जाल निर्माण गर्ने, युवा उद्यमी मार्फत उत्पादन कार्यक्रम सञ्चालन गर्न रु.३ करोडको बजेट व्यवस्था गरेकोमा कार्य सम्पन्न भएको छैन।

२.६. मनमोहन ज्येष्ठ नागरिक कार्यक्रम अर्न्तगत ७० वर्ष माथिका जनतालाई प्रदेशभित्र उपलव्ध स्वास्थ्य सेवा नि:शुल्क गरिने कार्य पनि कार्यान्वयन भएन।

२.७. राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाद्धारा सञ्चालन गरिने कार्यक्रमलाई पारदर्शी र जनउत्तरदायी बनाउने कार्यक्रममा प्रगति देखिएन।

३. **अख्तियारी कार्यक्रम-** यस वर्ष मन्त्रालयलाई प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५।४।३ मा रु.२ अर्ब ६६ करोड ७८ लाख २३ हजारको खर्च

गर्ने अख्तियारी र मार्गदर्शन प्राप्त भएकोमा रु.६४ करोड १७ लाख ७९ हजार बजेट थप भै रु.३ अर्ब ३० करोड ९६ लाख २ हजारको अख्तियारी प्राप्त भएको देखिन्छ ।

४. **इन्धन-** कार्यक्रम सञ्चालन तथा कार्यक्रम निर्देशिका तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५को परिच्छेद २.८ मा सवारी इन्धन सुविधा पाउने पदाधिकारीले प्रचलित कानुन बमेजिम, सचिव र महाशाखा प्रमुखले १०० र ७० लिटर डिजल/पेट्रोल, ५ लिटर मोविल र प्रति मोटरसाइकल १० लिटर पेट्रोल दिने व्यवस्था छ । मन्त्रालयमा ३ जिप, १ पिकअप, १० मोटरसाइकल र १ स्कुटर रहेकोमा इन्धन पदाधिकारीलाई रु.५ लाख समेत रु.२० लाख ५३ हजार र उक्त साधनको मर्मत वापत रु.२७ लाख ३१ हजार लगबुक, मर्मत अभिलेख र लागत अनुमान बेगर खर्च गरेको छ । नयाँ सवारी साधनको मर्मत खर्च बढि देखिएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५. **सोझै खरिद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्नेमा रु.१ करोड ४५ लाख २८ हजारको कार्यालय सामान,फर्निचर र कम्प्युटर लगायतका मेशिनरी औजार सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी हुनुपर्दछ साथै सोझै खरिदको कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

## शिक्षा विकास निर्देशनालय, सुर्खेत

६. **भौतिक निर्माण तथा मर्मत संभार-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा विद्यालय निर्माण, मर्मत सम्भार, प्रवलीकरण कार्य वापत रकम प्राप्त गर्ने विद्यालयहरुले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा निर्माण तथा मर्मत सम्भार कार्य सम्पन्न गर्नुपर्ने तथा असार १५ गते सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरिसक्नुपर्ने उल्लेख छ । शिक्षा विकास निर्देशनालय,सुर्खेतले यस वर्ष विद्यालय निर्माण तथा मर्मत सम्भार कार्यको लागि रु.४ करोड ८२ लाख २० हजार निकासा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । निर्देशनालयले असार मसान्त भन्दा अगाडि नै विद्यालयलाई भुक्तानी गरी बैंक खाता रोक्का राख्ने र कार्य सम्पन्न पेश भएपछि मात्र बैंक खाता फुकुवा गर्ने जनाएकोमा कार्यालयले पेश गरेको विवरणमा सो निकासालाई पेश्कीको रुपमा देखाएको छ । कार्य सम्पन्न गरेको प्रमाण पेश गरी असुल फछ्र्यौट गर्नुपर्दछ ।

## जाजरकोट अस्पताल

७. **सेवा शुल्क-** अस्पताल विकास समितिले प्रदान गर्ने विभिन्न प्रकारका सेवा वापत सेवाग्राहीबाट तोके बमोजिम सेवा शुल्क लिने र प्राप्त सेवा शुल्क वापतको रकम विकास समितिको आन्तरिक आयको रुपमा आय कायम गर्नु पर्दछ । यस बर्ष रु.५४ लाख ५३ हजार सेवा शुल्क प्राप्त भएको देखिएकोमा रु.४५ लाख ५७ हजार दाखिला भएकाले छुट भएको रु.८ लाख ९५ हजार असुल गर्नुपर्दछ ।

## प्रदेश अस्पताल, सुर्खेत

८. **विशेषज्ञ सेवा-**अस्पतालको सेवा सर्वसुलभ र प्रभावकारी बनाउन विरामी उपचार गर्ने चिकित्सकको पर्याप्त जनशक्ति व्यवस्था गरी दरबन्दीअनुसार सबै पदको पूर्ति हुनुपर्छ । प्रदेश अस्पताल,सुर्खेतको स्वीकृत दरबन्दी २८ रहेकोमा २१ को पदपूर्ति नहुदा अस्पतालले दिने जनरल फिजिसियन, पिडियाट्रिसियन, जनरल सर्जन,साइकिएट्रिक्स लगायतका विशेषज्ञ सेवा दिन सकेको पाइएन ।

- **बेरुजूको स्थिति-** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ १७ निकायमा रु.११ करोड ३२ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३२ लाख ५२ हजार फछ्र्यौट गरेकोले रु.१० करोड ९९ लाख ९२ हजार बाँकी रहेको छ । सोमध्ये रु. ९५ लाख ७९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा छ ।
  - अन्य संस्था तथा समिति ३ तर्फ रु.४९ लाख ५८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट फछ्र्यौट हुन नसकि सोही रकम नै बेरुजू बाँकी रहेको छ ।यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यस कार्यालयको विनियोजन रु. १ करोड ५४ लाख ८८ हजार, र धरौटी रु. २ लाख ४६ हजार समेत रु. १ करोड ५७ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट बेरुजू देखिएको छैन ।

# परिच्छेद ४

# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ । यस सम्बन्धी ब्यहोरा निम्न छन्:

१. **फछ्र्यौट-**यो वर्ष प्रदेशको सरकारी कारोबार तर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १२४ कार्यालयको लेखापरीक्षण हुदाँ ७५ कार्यालयको बेरुजू देखिएकोमा १७ कार्यालयको प्रमाण तथा प्रतिक्रियाको आधारमा लगती दफा ३८ बाट रु.१ करोड ८९ लाख फछ्र्यौट भएको र बाँकी २० कार्यालयको प्रतिक्रिया प्राप्त भएतापनि फछ्र्यौट हुन नसकि शुरु बेरुजू नै कायम भएको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १० कार्यालयको लेखापरीक्षण हुदाँ ३ कार्यालयको बेरुजू देखिएकोमा प्रतिक्रियाबाट बेरुजू फछ्र्यौट भएको छैन । कानून बमोजिम बेरुजू फछ्र्यौट गर्नुपर्दछ ।

    गत वर्ष प्रदेशको सरकारी कारोबार तर्फको रु. १ लाख ७७ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेकोमा यो वर्ष फछ्र्यौटको लागि अनुरोध हुन नआएबाट बेरुजू सम्परीक्षण समेत भएको छैन ।

२. **बेरुजू न्यूनीकरण-** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

# परिच्छेद ५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन-** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ ।चालुखर्च नियन्त्रण गर्न प्रदेश सरकारले बनाएको मितव्ययिता सम्बन्धी प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ प्रभावकारीरुपमा लागु गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन-** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा ध्यान दिदैं आयोजना सञ्चालन गर्नु पर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलव्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनुपर्दछ ।

३. **सार्वजनिक खरिद-** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्नेमा उक्त व्यवस्था पालना गरेको देखिँदैन । विद्यूतीय खरिदलाई अनिवार्य गर्ने, खरिद योजना र खरिदको गुरुयोजना तयार गर्ने, मन्त्रालयगत खरिद प्रक्रिया सूचना प्रणालीमा आवद्ध गर्ने, सवारी साधन खरिदमा नियन्त्रण कायम गर्ने, कार्यतालिका अनुरुप निर्माण खरिदलाई प्राथमिकतामा राख्ने र खरिद प्रक्रियालाई कार्यक्रम, वजेट र श्रोत परिचालन संग समन्वय गरी सुधार गर्नुपर्दछ ।परामर्शसेवा खरिद कार्यको लागत अनुमान तयार गर्ने,नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संकलन-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र भित्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्र परिचालन गरी राजस्व संकलन गर्नुपर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह-** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसैगरी सबै तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई संयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

